मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## सरकारको मुख्य उद्देश्य आर्थिक समृद्धि हासिल गर्नु हो: गृहमन्त्री लेखक



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक ७१ ● २०८१ साल माघ ०७ गते सोमबार ● Monday 20, January 2025 ● सूर्योदय: बिहान ६:५५ बजे ● सूर्यास्त: साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# जनमतको सरकार जोगिँदा सबै दलका नेताकार्यकर्तालाई राहत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'नयाँ जोगीले खरानी बढी घस्छ' भने झैँ अब्बल क्रान्तिकारीपन देखाएर बजेट भाषणमा प्रतिस्पर्धाबाट काम गराउने भनेको जनमत नेतृत्वको सरकार अन्ततः ६ महिनापछि उपभोक्ता समितिमार्फत बजेट कनिका बाँडे झैँ बाँडेर नेता कार्यकर्ता रिझाउने अरु दलहरुको एजेण्डामा सहमत भएको छ ।

६ महिनामा विकास बजेट १ प्रतिशत पनि खर्च गर्न नसकेको जनमत नेतृत्वको सरकारले बजेट उपभोक्तामा लैजान संकल्प प्रस्तावको सूत्र प्रयोग गरेको थियो ।

यसमा सत्तापक्ष र प्रमुख प्रतिपक्षी सबै सहमत भएपछि उपभोक्ता समितिले काम पाउने र भएको बजेट बाँडचुडको काम अघि बढाउने गरी संकल्प प्रस्ताव पारित गरिएको छ । यसले जनमत नेतृत्वको सरकार पनि केही समयलाई जोगिएको छ भने प्रदेश सांसदका भूगोलका नेता कार्यकर्ताले पनि उपभोक्ता समितिका नाममा काम पाउने भएकाले नेता कार्यकर्ता व्यवस्थापन र प्रदेश सांसदहरुलाई आर्थिक जोहो हुने भएको छ ।

चालु आर्थिक वर्षको आधा भन्दा बढी समय बितिसक्दा पनि विकास निर्माणको काम अघि बढ्न नसकेको अवस्थामा सत्तापक्षीय सांसदले नै ल्याएको संकल्प प्रस्ताव बहुमतले पारित गरिएको हो ।

'हुन्छ र हुन्न' विधिबाट सभामुखले प्रस्ताव पारित गर्न खोजेपछि प्रतिपक्ष दल जसपा नेपाल तथा माओवादी केन्द्रका सांसदहरुले विरोध गरेका थिए । उनीहरुको मागअनुरुप सभामुखले मत विभाजन गरेपछि बहुमतले प्रस्ताव पारित भएको छ । मत विभाजन गर्दा प्रदेशसभा बैठक कक्षमा ५९ सांसद उपस्थित थिए । ती मध्ये ४३ जनाले प्रस्तावको पक्षमा मतदान गरे भने विपक्षमा १६ जनाको मत परेको थियो ।

लोसपा सांसद रुपा यादवले ल्याएको प्रस्तावमा कांग्रेसकी अञ्जना पण्डित, एमालेकी पल्टीदेवी महरा, एकीकृत समाजवादी पार्टीका रत्नेश्वर गोइत र राप्रपा नेपालकी कञ्चन विच्छा लगायतले समर्थन गरेका थिए । प्रस्ताव पारित भएलगत्तै प्रदेश सरकारले यसअघि टेन्डरमा मात्र गर्ने भनेका योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न सकिने बाटो खुलेको छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

धनौजी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा, मधेश प्रदेश, नेपाल

## कसले के भने ?



निर्वाचनका समयमा जनतासँग गरेको प्रतिबद्धता कसरी पूर्ति गर्ने ? त्यसमा मध्यनजर राख्दै संसदीय विकासको कोष त रहेन तर प्रदेशसभामा माननीयको सिफारिसमा आउने योजना कार्यान्वयनमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ । र, यो संकल्प प्रस्ताव सम्पूर्ण प्रदेशसभाको पक्षमा भएकोले समर्थन गर्दछु ।

**राजेन्द्रप्रसाद चौधरी**
**प्रदेश सांसद**



विगतमा जनताको सेवाप्रति दृढसंकल्पित भएर काम गर्न नसकेकै हो । त्यसले प्रदेश सरकारप्रति जनतामा निराशा पलाएको छ । संकल्प प्रस्ताव विकासका लागि निकास हो । यो संकल्प प्रस्तावले जनताको विकासको अपेक्षा पूरा हुने विश्वास छ ।

**संजय कुमार यादव**
**प्रदेश सांसद**

जेठ २५ गते सरकार निर्माण भयो । असार १ गते नीति तथा कार्यक्रम प्रस्तुत भयो । छलफलका लागि पर्याप्त समय अभाव थियो । वृहत छलफल हुन नसकेर वा अघिल्ला सरकारको कामको विरोध भएको आधारमा



यसवर्ष टेन्डर प्रक्रियामा जाने भनेको होला । तर, समयले साथ नदिएपछि सुधारका लागि यो संकल्पको प्रस्ताव ल्याइएको हो । प्रस्तावको समर्थन गर्छु । संविधानले प्रदत्त गरेको अधिकारअन्तर्गत समतामूलक र समावेशी विकासको काममा जनहितका लागि जनसहभागिता जुटाउने कुरा संविधानमा प्रावधान राखिएको छ । संघ सरकारले पनि उपभोक्तामार्फत काम गरिरहेको छ भने हामी मात्रै घटाघटमा किन रहने ?

मुख्यमन्त्री प्रतिबद्ध हुनुपर्छ । भ्रष्टाचार गर्दिनँ र कुनै मन्त्रीलाई पनि गर्न दिन्नँ भनेर । सुधारका लागि एउटै बाटो घटाघटको हुन सक्दैन । ढल्केवरको तार कारखानानजिक पाँच वर्षदेखि एउटा पुल बन्न सकेको छैन । १६ जनाको दुर्घटनामा मृत्यु भइसक्यो । त्यसैले ठेक्का विधिबाट नै सबै समस्या समाधान हुन सक्दैन । ५० लाख रुपैयाँ भन्दा बढी बजेटको योजना टेण्डरमा र त्योभन्दा कमको उपभोक्ता समितिमार्फत जाने भनिएको छ । माननीयहरु वडाअध्यक्षको पछि लाग्न पर्ने बाध्यता छ । सबै माननीयले मेरो योजना हो भन्ने अनुभूति हुनुपर्छ, यसका लागि सरकार पनि लचिलो हुन आवश्यक छ । एमालेको प्रमुख सचेतक तर्फबाट एमालेका सबै सांसदको सहमति रहेको जनाउँदै प्रस्तावप्रति सहमति जनाउँछु ।

**हरिनारायण महतो**
**प्रदेश सांसद**



कमलाको पुल १३ वर्षमा पनि बन्नसकेको छैन । ठेकेदारले ३५ करोड रुपैयाँ मुआब्जा पाए मात्रै काम अघि बढाउने बताइरहेको छ । भनेपछि उपभोक्ता समितिबाट खराब र टेण्डर प्रक्रियामा सबै ठीक नै हुने होइन तर यो प्रस्ताव ल्याउन यति ढिलाइ किन ? उपभोक्तामार्फत गर्ने भनेको छ तर योजनाको छुट्टाछुट्टै रुपमा सम्बन्धित मन्त्रालयले बाँडफाँट गर्ने भनेको छ । योजना सबै मन्त्रीहरुकै क्षेत्रमा छ । हामी चुनाव जितेर आएका छैनौँ ? मेरो क्षेत्रमा त तीन करोड रुपैयाँको योजना पनि छैन । मन्त्रीले नै योजना छनौट र बाँडफाँट गर्ने हो भने भोलि पनि आफ्नै क्षेत्रमा सबै योजना लैजादैँन भन्ने आधार के हो ?

योजना कार्यान्वयन गर्न पनि त समय लाग्छ । ठेक्का प्रक्रियाबाटै काम हुन सक्दैन भनेर पहिल्यै संकेत देखिइसकेको थियो होइन र ? सत्यनारायण भगवानको पूजामा संकल्प लिइन्छ र विसर्जन पनि गरिन्छ । तर, यो प्रदेश सरकारले संकल्प लिन्छ बिसर्जन हुँदैहुँदैन । प्रहरी ऐनको संकल्प लियौँ तर कहाँ पुग्यो हामीलाई थाहै छैन । त्यसैले संकल्प मात्रै गरेर हुँदैन । हामी विरोधमा छौँ । एकपटक हेरौँ न त ठेक्का प्रक्रियाले कस्तो परिणाम ल्याउँछ ।

**अनिरुद्र कुमार सिंह**
**प्रदेश सांसद**



संकल्प प्रस्तावको समर्थन गर्छु । तर, बजेट ल्याउँदा सबै सांसदले आफ्नो क्षेत्र विकासको योजना बुझाउँदा केही सोचेरै दिएका थियौँ । ९० प्रतिशतभन्दा बढी सांसदले ५० लाख रुपैयाँ भन्दा कमको योजना राखेका छन् । आज टेण्डरमै जाने कुरा गर्ने हो भने ५० लाख रुपैयाँ भन्दा बढीको योजना किन दिनुभएन ? त्यो भन्दा कमको नभए उपभोक्ता समितिमार्फत जानै पर्दैनथ्यो नि त ? त्रुटिपूर्वक टेण्डर प्रक्रिया उल्लेख गरे पनि अहिले सच्याएर जानु सकारात्मक पक्ष हो ।

**जंगीलाल राय**
**प्रदेश सांसद**

संकल्प प्रस्ताव भनेको संसदको गरिमा बढाउन र मधेशको उल्लेख्य प्रगति ल्याउने सकिने सार्वजनिक महत्वको प्रस्तावको रुपमा



हुनुपर्ने हो । भारतमा कोभिड १९ को बेला चिकित्सकउपर हातपात गर्नेलाई जरिवाना कम थियो र उनीहरुको मनोबल उच्च बनाउन संकल्प प्रस्तावमार्फत संशोधन गरिएको थियो । हिजो चालु आवको टेण्डरमा गर्न भन्यौँ । आज सातौँ महिनामा आइपुग्दा संसदले नै पारित गरेको बजेट कार्यान्वयनको व्यवस्था बदल्न संकल्प प्रस्ताव ल्याएका छौँ । यो प्रस्तावको दर्ताका पछाडि छायाँ को छ, मुख्यमन्त्री र मन्त्री । सरकार खुलेरै आउन किन नसकेको ?

यो प्रस्ताव किन ल्याउनु पर्यो । सात महिनादेखि विकास निर्माणको काममा प्रतिपक्षले कहाँ अवरोध गर्यो ? यो प्रस्तावबारे प्रतिपक्षी दलसँग पूर्वपरामर्श भयो त ? केही दिनमै यताको कुर्सी उता र उताको यता आइराख्छ । यो प्रस्ताव सार्वजनिक महत्वको प्रस्ताव नै होइन । सात महिनासम्म कामै नगरी किन बसेको जनतालाई जवाफ नदिने ?

संकल्प प्रस्ताव नै ल्याउनु परे मधेशको गौरवको योजना मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा विश्वविद्यालयहरुलाई बलियो बनाउन तथा नयाँ विश्वविद्यालय ल्याउन प्रस्ताव ल्याउनु पर्ने हो नि ? उपभोक्ता र टेण्डरको कुरा उचालेर जनतालाई गुमराहमा लग्ने षड्यन्त्र हो । मत विभाजनको पक्षमा जान मेरो सुझाव छ र माग पनि । म यो प्रस्तावको विरोध गर्छु ।

**रामअशिष यादव**
**प्रदेश सांसद**



अंग्रेजी कहावत सुनाउँछु, बिरालोले मुसा लखेटिरहेको थियो । बिरालोलाई घाँटीमा घण्टी बाँध्ने काम गरेकोमा धन्यवाद माननीय रुपा यादवलाई । बाधा आएपछि फुकाउन संकल्प प्रस्ताव लिएर आउनुपर्छ । माननीय रामअशिष यादवको भनाईबाट केही सहमत केही असहमत छु । उपभोक्ता समिति को ? मतदाता र कार्यकर्ता नै हो नि । भनेपछि हाम्रो मतदाता चोर हो भन्न खोज्नुभएको हो ? सत्तापक्षलाई कम र प्रतिपक्षीलाई बढी सोध्न सरकारलाई मेरो आग्रह र सुझाव छ । दुई दलको खिचातानीले संसद बन्धक बनिरहेको छ, जुन गलत हो । २५ लाख रुपैयाँको योजना घटाघटमा १२ लाख रुपैयाँमा आउँछ, के काम हुन्छ ? ठेक्का प्रक्रियाबाट एक वर्षअघि बनेको पिच उप्किन शुरु भयो । उपभोक्ता समितिले पहिले आफैँ लगानी गरी काम गर्छ, ठेकेदारले पहिले पेश्की लिन्छ र पछि काम गर्छ । ठेकेदारले राति काम गर्छ, उपभोक्ता समितिलाई खबरदारी गर्ने प्रतिपक्षीहरु हुने हुँदा पनि ठेक्काभन्दा उपभोक्ता समितिमार्फत काम गर्न ठीक हो ।

पत्रकारलाई पनि मेरो सुझाव छ । उपभोक्ता समितिमा रहने मतदाता भ्रष्ट भएको नभन्न चेतावनी दिन चाहन्छु । वडाअध्यक्षले पूर्वाग्रही भएर बजेट नदिएको अवस्थामा जनताको आवश्यकता सम्बोधन गर्न पनि दुई लाख रुपैयाँको बजेट चाहिन्छ सांसदलाई र यस्ता टुक्रे योजना कार्यान्वयन गर्न उपभोक्ता समितिकै माध्यमले जानुपर्छ । जुन सांसदलाई उपभोक्ता समितिप्रति विश्वास छैन, उनीहरुको सबै योजना टेण्डर प्रक्रियामा लगिदिन सरकारसँग आग्रह गर्छु ।

**उपेन्द्र महतो**
**प्रदेश सांसद**



प्रस्तावक रुपा कुमारी यादव र समर्थक पल्टी महरा, हसिना खातुन, अंजना, पण्डित अनि कन्चन विच्छा हुनुहुन्छ । अधिकांश महिलालाई राखिएको छ । समतामूलक समाज निर्माणका लागि भनिसकेपछि समानुपातिक सांसदलाई पनि मानमर्दन हुन नदिन समेटिनुपर्थ्यो संकल्प प्रस्तावमा । यो सरकारले दलित समुदायबाट राज्यमन्त्री बनाइदिन्छ र सातदिनमै हटाइदिन्छ । यो सत्ताको दुरुपयोग होइन ? जसपाले सात वर्ष सरकारको नेतृत्व गर्यो, भौतिक पूर्वाधार मन्त्रालयबाट सबैभन्दा बढी भ्रष्टाचार र योजना खरिदबिक्री भयो, कुन दलको नेतृत्वमा थियो उक्त मन्त्रालय ?

भ्रष्टाचार निर्मुल गर्न यो सरकार बनेको थियो र त्यही जोशमा टेन्डर प्रक्रियामा ल्याउन भनिएको थियो । हामी चाहन्छौँ भ्रष्टाचारविरुद्धको जोश र मनोबल कायम रहोस् ।

सदनले एउटै सदनका सदस्यलाई दुई थरी व्यवहार प्रदर्शन गरिरहेको छ । दोहोरो चरित्र प्रदर्शन गरेको छ । यो गलत हो । म संकल्प प्रस्तावको विरोध गर्छु ।

**किरण साह**
**प्रदेश सांसद**



सर्वदलीय बैठक नै नगरी संकल्प प्रस्ताव ल्याउने ? सात महिनासम्म कसले अवरोध गरेको थियो काम गर्न ? कुन योजना कसरी चल्ने भनेर मूल्यांकन गरेर बसिरहेको थियो सरकार ? आफैँले ल्याएको नीति कार्यक्रम र बजेट कार्यान्वयन किन गर्न नसकेको ? त्यतिबेला मुख्यमन्त्री मात्रै चाहिएको थियो र ? सरकारलाई यसरी लग्ने कि पूर्व सरकारको शैलीमा नहिँड्ने भनेर टेन्डर ल्याएको होइन ? आज किन त्यहीँ बाटो हिँडेको ?

**सुरिता साह**
**प्रदेश सांसद**



मधेश प्रदेश सभामा मात्रै होइन, अन्य संसदहरुमा पनि यसरी सर्वदलीय छलफलबिना संकल्प प्रस्ताव आएको थिएन । सरकारको छायाँ प्रस्ताव ल्याउनु भन्दा सोझै सरकार अग्रसर हुन सक्नुपथ्र्यो । यसले सदनलाई दुई ध्रुवमा विभाजित गर्ने दुष्प्रयास भएको हो । हिजोका दिनमा सरकारले दृढ भएर ल्याएको योजनाबाट पछि हट्न नहुने थियो । सत्तापक्षको सांसदको चिन्ता बजेट खर्च हुन नसक्ने देख्दैछु । प्रतिपक्षले त रोकेको छैन । पाँच हजार अनुमानित योजना छन् । कम्तीमा पाँच सय वा हजार योजना मात्रै टेन्डर प्रक्रिया अघि बढ्नुपथ्र्यो तर त्यस्तो त गरिएन ।

बहुमतले पास भए पनि परम्परागत रुपमा यो प्रस्ताव फेल हुँदैछ । म उपभोक्ता समितिको विरोधी होइन । तर, आज जो सरकारमा सहभागी हुनुहुन्छ उहाँहरुले यो सकिदैँन नगरौँ भन्न किन नसकेको ? हिजो वाचा गरिसकेपछि अघि बढ्न सक्नुपथ्र्यो नि त । सहमतिमा बजेट आएको र म आफैँ अर्थ मन्त्रीको रुपमा बजेट ल्याउने भएको हैसियतले प्रस्तावको ओज घट्ने भएकाले विरोधमा छौँ ।

**भरत प्रसाद साह**
**प्रदेश सांसद**



सदनलाई मर्यादित बनाइराख्न रुलिङका लागि सभामुखजीलाई ध्यानाकर्षण गराउन चाहन्छु । अहिलेको सत्तागठबन्धन बलियो छ । हिजो सरकार ढाल्नकै लागि भारतको सुरसण्डमा बैठक गरेको जस्तो अवस्था अहिले छैन । प्रतिपक्षी दलहरुले आफ्नै चिन्ता गर्नुस् । सरकारको चिन्ता गर्नुपर्ने आवश्यकता छैन ।

सरकारले अहिलेसम्म थुप्रै योजना कार्यान्वयनका लागि टेन्डर भइसकेर केही ठेक्का सम्झौता पनि भइसको छ । त्यसैले यो सरकारले कामै नगरेको होइन । कम समयमा पर्याप्त छलफलको अभावमा ल्याइएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा समस्या देखिएपछि निकासका लागि ल्याएको संकल्पको प्रस्तावले सहज हुने भयो ।

आज तपाईंहरुले प्रतिपक्षमा हुनुहुन्छ । हिजो सरकारको नेतृत्व गर्नुभयो र भोलि पनि नेतृत्वमा आउन सक्नुहुन्छ । त्यसैले विरोधका लागि विरोध मात्रै गरेर हुँदैन । निकासमा सहयोग गर्न आग्रह गर्छु ।

**सरोज कुमार यादव**
**भौतिक पूर्वाधार मन्त्री**

# नेशनल मेडिकल कलेजमा स्वागत तथा अभिमुखकरण सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा नयाँ शैक्षिक सत्रमा भर्ना भएका चिकित्सा शिक्षाका नयाँ विद्यार्थीहरुको स्वागत तथा अभिमुखकरण कार्यक्रम सम्पन्न भएको छ । कलेजमा एमएमबीएस, बिडिएस, बिएसी नर्सिङ, बिएसी एमआइटी, बिएसी एमएलटी र बिएनएस अध्ययनका लागि भर्ना भएका नव आगन्तुक विद्यार्थीहरूको स्वागत गरिनुका साथै कलेजको शैक्षिक वातावरणको अवस्थाबारे जानकारी गराउँदै विद्यार्थीहरूको पढाई र लगनशीलता प्रतिको जिम्मेवारी बोध गराउनका लागि अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

मेडिकल कलेजका प्रिन्सिपल डा.के.ऐन.सिंहको अध्यक्षता तथा नेशनल मेडिकल कलेजका अध्यक्ष प्रो.डा. जैनुद्दिन अंसारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा क्लेजका अध्यक्ष अंसारीले नेशनल मेडिकल कलेजले विद्यार्थीहरूको विशिष्ठ क्षमताको पहिचान गरी त्यही अनुसार विद्यार्थीहरूको चौतर्फी विकासका लागि वातावरण बनाउदै आएको बताए ।

कार्यक्रममा मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अंसारी, बजार निर्देशक अबिद हुसेन अंसारी, एकेडेमी डाइरेक्टर डा. नुसरत जहाँ अंसारी, हस्पिटल डाइरेक्टर डा. इसरत जहाँ, बोर्ड अफ डाइरेक्टर रुबी यासमिनलगायतले आआफ्नो धारण राखेका थिए ।

# रौतहट साकोस संघद्वारा सहकारी अध्यादेशमाथि छलफल

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट बचत तथा ऋण सहकारी संघले सहकारी अध्यादेश र राष्ट्र बैंकद्वारा जारी सहकारी मस्यौदाका विषयमा अन्तरक्रिया कार्यक्रम गरेको छ ।

संघका अध्यक्ष विभु पोखरेलको अध्यक्षतामा सहकारी क्षेत्रका विभिन्न व्यक्तित्वहरू, संघका प्रतिनिधिहरू र सहकारीप्रेमीहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो । सहभागीहरुले सहकारी क्षेत्रमा देखिएका चुनौति र समाधानका उपायहरूबारे आ–आफ्ना धारणा राखेका थिए ।

संघका पूर्व सल्लाहकार तथा संकल्प साकोसका अध्यक्ष गणेश पौडेलले सरकारले जारी गरेको अध्यादेशले सहकारीहरूलाई व्यवस्थित गर्न सहयोग पुर्‍याउने भए पनि केही प्रावधानले सहकारी क्षेत्रको व्यावहारिक पक्षलाई असर पुर्‍याउने भएकाले सुधारको आवश्यकता रहेको बताए । नवविकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष राजु तिवारीले अध्यादेशका केही प्रावधान सहकारीहरूको हित विपरीत रहेको भन्दै यसलाई सच्याउनका लागि संघले आवश्यक पहल गर्नुपर्नेमा जोड दिए । संघका लेखा समिति संयोजक जितेन्द्र चौधरीले राष्ट्र बैंकको मस्यौदाले वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँदै साना सहकारीहरूका लागि यसले केही चुनौति खडा गर्न सक्ने भए पनि दीर्घकालीन रूपमा यसले सकारात्मक प्रभाव पार्ने धारणा व्यक्त गरे । कार्यक्रममा जिल्लाभरका सहकारी संघका अध्यक्ष, व्यवस्थापक र प्रतिनिधिहरू गरी ५० भन्दा बढी व्यक्तिहरूको सहभागिता थियो ।

# 'देशको आवश्यकताअनुसार बनेको सरकार ढल्दैन'

**धनकुटा ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले वर्तमान गठबन्धन सरकार जनताले दिएको जनमत र देशको आवश्यकताअनुसार बनेकाले कसैले चाहँदैमा नढल्ने बताएका छन् ।

पार्टी जिल्ला कमिटी धनकुटाले गरेको तीनमहिने 'जरा केन्द्रित अभियान' उद्घाटन गर्दै उनले साना दलविना सरकार नै नबन्ने नकारात्मक सन्देश तोड्न वर्तमान सरकार बनेकाले यो निरन्तर अगाडि बढ्ने बताए । महासचिव पोखरेलले हालको संसद्मा दलहरूको उपस्थितिले गर्दा सरकार सञ्चालनको जनमत एमाले र कांग्रेसलाई मिलेर अगाडि बढ्ने रहेको भन्दै सोहीअनुसार सत्ता सहकार्य भएको धारणा राखे ।

नेकपा माओवादी केन्द्रसँगको गठबन्धन सरकार विघटनको प्रसंग सुनाउँदै उनले ३२ सिट भएको पार्टीले एमाले र कांग्रेसभन्दा ठूलो भएको दम्भ देखाएकाले वर्तमान गठबन्धन बनेको जिकिर गरे । संसद्मा प्रतिनिधित्वका आधारमा कांग्रेस र मतका आधारमा एमाले पहिलो दल भएकाले जनताको मतको सम्मान गर्न र साना दलहरूको अनावश्यक दम्भ अन्य गर्न पनि वर्तमान सरकारले स्थायित्व पाउने महासचिव पोखरेलको भनाइ थियो ।

कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, पूर्वखानेपानीमन्त्री राजेन्द्रकुमार राई, प्रदेशका पूर्वमुख्यमन्त्री शेरधन राईले सम्बोधन गरेका थिए । 'तीन महिने जरा अभियान' पार्टी कमिटीको तल्लो तह र कार्यकर्ताको समस्या समाधानमा केन्द्रित रहने एमाले जिल्ला कमिटी अध्यक्ष शिवआङ्ला लिम्बूले जानकारी दिए ।

सरकार ढल्न लाग्यो भन्नु विपक्षीको छटपटी
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले अहिलेको सरकार सङ्कटमा पर्‍यो वा छिट्टै ढल्छ भन्ने कुरा विपक्षीलाई छटपटी मात्र भएको बताएका छन् । नेकपा (एमाले) पर्वतले सञ्चालन गरेको तीनदिने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उपमहासचिव ज्ञवालीले वर्तमान सरकार २०८४ सालसम्मै टिक्ने दाबी गरे ।

'सरकार ढुक्कसँग तीन वर्षसम्म चल्ने भयो भनेपछि सरकार बाहिर रहेका दललाई छटपटाहट भएको हो,' उनले भने । मुलुकमा देखिएको सङ्कट समाधान गर्नकै लागि दुई ठूला दल एकठाउँमा आएको उल्लेख गर्दै उनले नेपाली कांग्रेस र एमालेबीच विशेष सहमति बनेको बताए । वर्तमान सरकार कुनै पनि सङ्कटमा नपर्ने उपमहासचिव ज्ञवालीको भनाइ थियो । सरकारलाई घेराबन्दीमा पार्नका लागि विभिन्न चलखेल शुरु भए पनि कुनै पनि हालतमा सरकार नडगमडाउने उनले बताए ।



कांग्रेस र एमाले प्रमुख प्रतिस्पर्धी दल मात्र नभएर एकअर्काका सहयात्री भएकाले मुलुक सञ्चालनका लागि दुवै दल गम्भीर रहेको उनले बताए ।

सरकारले ल्याएको अध्यादेश संविधानअनुसार नै आएको उपमहासचिव ज्ञवालीले बताए । मुलुकमा तत्काल देखिएका समस्या समाधान गर्न अध्यादेश ल्याइएको र यसको सरकारको आयुसँग सम्बन्ध नरहेको उनको भनाइ थियो । सरकार भ्रष्टाचारविरुद्ध निर्मम हिसाबले लागेको उनले बताए । भ्रष्टाचार कुनै सिद्धान्त नभई मुलुकका लागि अभिसाप नै भएकाले जुनसुकै पार्टीसँग आबद्ध भएको व्यक्ति भए पनि कारबाहीको दायरमा ल्याएरै छाडिने उपमहासचिव ज्ञवालीले बताए । एमाले केन्द्रीय कमिटीको कार्यक्रमअनुसार प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको हो । प्रशिक्षणमा एक सयभन्दा बढी नेता तथा कार्यकर्ताको सहभागिता छ ।रासस

# सहकारीद्वारा स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १४औँ वार्षिक साधारण सभाको उपलक्ष्यमा रोटरी क्लब अफ जनकपुरधाम र तराई डेन्टल क्लिनिकसँगको सहकार्यमा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर गरेको छ । शिविर जनकपुरधाम उपमहानगरपालिका–२४ बसहियामा भएको हो ।

शिविरमा विभिन्न रोगका २ सय ५० स्थानीयले निःशुल्क उपचार र औषधि प्राप्त गरेका थिए ।

शिविरमा स्वास्थ्यका विभिन्न क्षेत्रका विशिष्ट चिकित्सकले चेकजाँच र परामर्श दिएका थिए । वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. कविता साह, दन्त रोग विशेषज्ञ डा. मिसा महासेठ, कन्सलटेन्ट फिजिसियन डा. पंकज कुमार साह र आँखा रोग विशेषज्ञ डा. हेमचन्द्र झाले परीक्षण र उपचार गरेका थिए ।

कार्यक्रमको अध्यक्षता रामचन्द्र पजियारले गरेका थिए भने प्रमुख अतिथिका रूपमा जनकपुरधाम उपमहानगरपालिकाका पूर्वमेयर लालकिशोर साह र विशेष अतिथिका रूपमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–२४ का कार्यबाहक वडाध्यक्ष शेषनारायाण मण्डल उपस्थित थिए । वडा सदस्य अमजद हुसैन, महिला वडा सदस्य गायत्री देवी ठाकुर, शान्ति देवी मण्डललगायतका स्थानीय पनि सहभागी भए ।

समाजसेवी ललित बजाज, प्रमोद अग्रवाल, महादेव मुखिया, लक्ष्मी साह, प्रदिप दत्त, राजदेव मण्डल लगायतका विभिन्न समाजसेवी व्यक्तिको पनि कार्यक्रममा सहयोग थियो ।

# शहीदहरुको स्मरणमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारले शहीदहरुको स्मरणमा वृक्षारोपण गरेको छ । आइतबार बिहान मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीको नेतृत्वमा वृक्षारोपण कार्यक्रम भएको हो । माघ ५ गते बलिदानी दिवस मनाइएको थियो । सोही स्मरणमा आइतबार बिहान जनकपुरको मधेश भवन परिसरमा २५ वटा वृक्षारोपण गरेको मन्त्री लेखीले बताए । उनले शहीदहरुप्रति सम्मान व्यक्त गर्दै वृक्षारोपण गरिएको बताए ।

# प्रादेशिक अस्पताल गौरमा ब्लड टेस्ट मेसिन

**मधेशदृष्टि**
**रौतहट ।**
सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा ब्लड टेस्ट मेसिन सञ्चालनमा आएको छ । आइतबारदेखि प्रादेशिक अस्पताल गौरमा ब्लड टेस्ट गर्ने बार कोर्ड प्रिन्टर मेसिन सञ्चालनमा आएको हो । प्रादेशिक अस्पताल गौर व्यवस्थापन समिति अध्यक्ष मोहम्मद अनवर हाश्मीले ब्लड टेस्ट गर्ने अत्याधुनिक मेसिन उद्घाटन गरे ।

विगतमा ब्लड टेस्ट झन्झटिलो र अत्यधिक समय लाग्ने मेसिनलाई हटाएर प्राविधिक मेसिनलाई प्रयोगमा ल्याउँदा सेवाग्राहीलाई छिटोछरितो सेवा प्रवाह दिने उद्देश्यले बार कोर्ड प्रिन्टर मेसिन सञ्चालनमा ल्याइएको अध्यक्ष हाश्मीले जानकारी दिए ।मेसिनले एक दिनमा १ सय २० जनाको रिपोर्ट दिनेछ । सेवाग्राहीलाई कमै समयमा रिपोर्ट आउदाँ समयसँगै पैसा बचत हुने उद्देश्यले जडान गरिएको अध्यक्ष हाश्मीको भनाई छ ।

# चेकिङमा अभद्र व्यवहार नगर्न निर्देशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ उपत्यका ट्राफिक प्रहरी प्रमुख एसएसपी विनोद घिमिरेले ट्राफिक प्रहरीले चेकिङक्रममा अभद्र व्यवहार तथा अनैतिक कार्य गर्न निर्देशन दिएका छन् ।

एसएसपी घिमिरे निरीक्षण तथा निर्देशनक्रममा भक्तपुर जिल्ला ट्राफिक कार्यालय पुगेर त्यहाँ कार्यरत सम्पूर्ण ट्राफिक प्रहरी पोष्टका इन्चार्जहरूलाई निर्देशन दिएका हुन् ।

आमनागरिकहरूमा सडकमा सुशासनको महसुस हुने गरी ट्राफिक व्यवस्थापन मिलाउने, चेकिङको क्रममा कसैलाई दुःख दिने, आर्थिक प्रलोभनमा पर्ने तथा गैरव्यावसायिक कार्य नगर्ने, कसैले गरेको पाइए कारबाहीको भागीदार हुनुपर्ने तर राम्रो काम गर्नेलाई पुरस्कृत गरिने उनले बताए ।

# राष्ट्रिय परिचयपत्रसम्बन्धी रिट निवेदन खारेज

**काठमाडौँ ।**
सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र कार्यान्वयनलाई रोक लगाउन माग गर्दै दायर गरेको रिट निवेदन खारेज गरेको छ ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू अब्दुल अजिज मुसलमान र नृपध्वज निरौलाको इजलासले रिट खारेज गर्ने फैसला गरेको हो ।

अदालतले रिट खारेज गरेसँगै सरकारलाई काम अघि बढाउन बाटो खुलेको छ । सरकारले सामाजिक सुरक्षा भत्ता, मोबाइलको सिमकार्ड र सबै सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेपछि त्यसविरुद्ध रिट दर्ता भएको थियो ।

यसअघि विसं २०८१ जेठ २४ को मन्त्रिपरिषद् बैठकले साउन १ गतेदेखि पहिलो चरणमा २८ जिल्लामा लागू हुने गरी सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको थियो ।

सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले फैसलाको लिखित आदेश आउन बाँकी रहेको जानकारी दिए । रासस

# पण्डित प्रतिष्ठान प्रमुख

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षा प्रमुख रेक्टरमा डा. रामनरेश पण्डित नियुक्त भएका छन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहले जानकारी दिए । पण्डित स्त्रीरोग विशेषज्ञ र प्रसूति विशेषज्ञ हुन् ।

# पशु चौपायालाई खोप दिन शिविर

**मधेशदृष्टि**
**रौतहट ।**
गरुडा नगरपालिकामा पशुचौपायालाई विभिन्न रोगबाट बचाउन निःशुल्क खोप शिविर सञ्चालन गरिएको छ ।

मेयर कन्थमणि जैसवालको पहलमा 'खोप लगाऔँ, रोग भगाऔँ' अभियानअन्तर्गत गरुडा–६ मा आइतबार पशुपंछी रोग नियन्त्रणका लागि निःशुल्क खोप कार्यक्रम गरिएको हो । जिल्ला पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गौरको आयोजनामा र गरुडा नगरपालिकाको समन्वयमा सञ्चालित कार्यक्रममा लम्की स्किन, एफएमडी, एचएस बियु, स्वाइन फिभर पिपिआरलगायतका खोप पशु चौपायालाई लगाइएको मेयर जैसवालले जानकारी दिए ।पशुपन्छीलाई रोगमुक्त बनाउन र किसानको जीविकोपार्जन थप सशक्त बनाउन यो कार्यक्रम महत्त्वपूर्ण छ । खोप अभियानले नगरका किसानको पशुपालन व्यवसायलाई थप बलियो बनाउन मद्दत गर्ने बताउँदै मेयर जैसवालले कार्यक्रम गरुडा नगरपालिकाका ९ वटै वडामा क्रमशः सञ्चालन गरिनेछ जानकारी दिए । उनले समुदायको समृद्धि र स्वास्थ्यका लागि निरन्तर यस्ता अभियान सञ्चालन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

# पूर्वउपप्रधानमन्त्रीद्वारा श्रद्धाञ्जली अर्पण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वउपप्रधानमन्त्री तथा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो संविधानसभा सदस्य तथा पूर्व सांसद दिनेशकुमार साह र जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष, नेकपाका नेता तथा पूर्व मेयरका उम्मेदवार शिवशंकर साह हीराको निवास पुगेका छन् ।

उनले स्वर्गीय माता पार्वतीको तस्बिरमा पुष्प अर्पण गरी श्रद्धाञ्जली अर्पण गरे । परिवारलाई सान्त्वना दिए । १४ जनवरीमा ८६ वर्षको उमेरमा पार्वती देवीको निधन भएको थियो । पार्वती देवी सामाजिक र धार्मिक कार्यमा सक्रिय थिइन् । कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका संस्थापक सदस्य तथा हिन्दी भाषा अभियन्ता रमन पाण्डे, सञ्जयकुमार सिंह, विनोद ठाकुर, रामकृपाल साहलगायतको उपस्थिति थियो ।

# चिया बेचेरै मासिक एक लाख कमाउँछन् विनोद



**मधेशदृष्टि**
**बरहथवा ।**
सर्लाहीको लालबन्दीस्थित पूर्वपश्चिम राजमार्गसँगै तरकारी बजारको छेवैमा एउटा सानो ठेला उभ्याइएको छ । ठेलामाथि एक थान सिलिन्डर ग्यास, त्यसमा जोडिएको चुलो, दूधले टिलपिल भरिएको डेक्ची, चुलोमा निरन्तर चिया उमालेको ताप्के तथा छेवैमा केही थान गिलास राखिएका छन् । यो विगत १८ वर्षदेखिको दृश्य हो । सधैँ चियाका पारखीको भीडले घेरिरहने चिया पसले हुन् विनोद साह । लालबन्दी नगरपालिका–९ का ४२ वर्षीय साहले चिया बेचेरै नाम, दाम र पहिचानसमेत बनाएका छन् । बिहान ४ देखि अबेर साँझसम्म उनको चिया पसल चियाका पारखीले घेरिरहेको हुन्छ ।
‘दैनिक सबेरै पसलमा आउँछु, साँझ ८ बजे मात्र पसल बन्द गरेर घर फर्कन्छु, विगत १८ वर्षदेखिको मेरो दैनिकी यही हो’, साहले भने, ‘कहिलेकाहीँ बिहान थोरै ढिला हुँदा पनि ग्राहकले गाली गर्नुहुन्छ ।’
विसं २०५९ मा लालबन्दी नगरपालिकास्थित बस्तीपुरमामा रहेको जनज्योति माध्यामिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नु पहिला नै उनले चिया पकाउनु शुरु गरेका थिए । रौतहटको दुर्गा भगवतीपुर गाउँपालिका–५ पुख्र्यौली घर भएको साह परिवार बागमतीको बाढीले घरखेत बगाएपछि लालबन्दी बसाइँ सरेको हो । हाल बसोबास रहेको स्थान साहको मामाघर हो । ‘घरखेत बागमतीको बाढीले बगाएपछि मामाघरका हजुरबुबाले आमाबुबालाई यतै बोलाउनुभयो’, उनले भने, ‘त्यसपछि आमाबुबाले हरियो मकै पोलेर, बदाम भुटेर बेच्ने र त्यसबाट आएको पैसाले परिवारको गुजारा गर्नुहुन्थ्यो ।’
आमाबुबालाई सघाउँदासघाउँदै परिवारका लागि आफूले पनि केही गर्नुपर्छ भनेर चिया बेच्न सुरु गरेको साहले बताए । ‘ज्योतिषले हात हेर्दा होटल व्यवसाय फाप्छ भनेका थिए’, उनले भने, ‘होटल खोल्न परिवारसँग पैसा थिएन । धेरथोर ऋण गरेर चिया व्यापार शुरु गरेँ ।’ यसैबाट परिवारको गुजारासँगै घरबास जोडेको उनले बताए । साहले बिहान सबेरैदेखि राति अबेरसम्म दैनिक झण्डै तीन सय कप चिया बेच्ने गरेको सुनाए । त्यसबाट उनले दैनिक छ हजार रुपैयाँसम्मको कारोबार गर्छन् । चियाका लागि दैनिक डेरीबाट ४० देखि ५० लिटर दूध किनेर ल्याउने गरेको साहले बताए । ‘प्रतिलिटर दूधको ९० रुपैयाँ तिर्नुपर्छ’, उनले भने, ‘एक कप चिया २० रुपैयाँमा बेच्छु ।’ उनका अनुसार पसलमा आउने धेरै ग्राहक नियमित रुपमा आउने गरेका छन् । चिया बेचेरै आफूले लालबन्दीमा १५ धुर घडेरी किनेर एकतले पक्की घर बनाएको साहले सुनाए ।
‘त्यतिबेला घडेरी किन्दा एक लाख रुपैयाँ तिरेँ’, उनले सुनाए, ‘विस्तारै विस्तारै गरेर ३५ लाख रुपैयाँ खर्च गरेर घर बनाएको छु । दुई छोरा र एक छोरीलाई बोर्डिङ स्कुलमा पढाए । खान लगाउन अहिलेसम्म समस्या भएको छैन ।’ महिनामा एक लाख ५० हजार रुपैयाँ भन्दा बढीको कारोबार हुने गरेको उनको भनाइ छ । सुरुमा एक वर्ष चिया पसल चलाउँदा उधारो भएर घाटा लागेको साहको अनुभव छ । त्यसयता उनले फेरि जीवन गुजाराको विकल्प सोच्नुपरेको छैन । चिया पसलबाट पैसाका साथै साथीभाइ र नाम कमाएको साहको भनाइ छ । साथीभाइकै सहयोगमा पाँच महिना अघि उनले छोरालाई उच्च शिक्षा अध्ययनका लागि जर्मनी पठाएका छन् ।
साहका अनुसार कान्छो छोरा कक्षा ११ मा र छोरी कक्षा १० मा बोर्डिङ स्कुलमा पढिरहेका छन् । चिया व्यापारकै कारण अन्य व्यापार, जागिर र वैदेशिक रोजगारका बारेमा सोच्न नसकेको उनी बताउँछन् । लालबन्दी साहको मावली गाउँ भएकाले सबैले उनलाई भान्जा भनेर सम्बोधन गर्छन । उनी पनि चिया खान आउने साना ठूला सबैलाई मामा भनेर सम्बोधन गर्छन् । त्यसैले साहको चिया पसल लालबन्दीभरि ‘भान्जाको चिया पसल’का नामले परिचित छ ।

# स्वास्थ्यकर्मीहरुद्वारा अधिकार र सुविधा सुनिश्चित गर्न माग



**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटका सबै ल्याबमा कार्यरत स्वास्थ्यकर्मीहरूले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै आफ्नो अधिकार र सुविधा सुनिश्चित गर्न माग गरेका छन् । ज्ञापनपत्रमा निजी मेडिकल कलेज र स्वास्थ्य संस्थाहरूले नर्सिङ तथा अन्य स्वास्थ्यकर्मीहरूलाई पारिश्रमिक लगायतका सुविधामा अन्याय गरेको उल्लेख छ । नेपाल सरकारको सचिवस्तरीय बैठकले २०८१ मंसिर २७ गते निर्णय गर्दै निजी मेडिकल कलेज तथा स्वास्थ्य संस्थाहरूलाई पारिश्रमिक र सुविधासम्बन्धी निर्देशन दिएको भए पनि सो निर्णय कार्यान्वयन नभएको स्वास्थ्यकर्मीहरूको गुनासो छ ।
स्वास्थ्यकर्मीहरूले नेपाल सरकारको निर्देशनको पालना नगर्ने निजी स्वास्थ्य संस्थाहरूको व्यवहारप्रति असन्तोष व्यक्त गरेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पठाएको पत्रको कार्यान्वयन नगरिए आफूहरू आन्दोलन गर्न बाध्य हुने स्थिति सिर्जना भएको स्वास्थ्यकर्मीहरूले चेतावनी दिएका छन् । ज्ञापनपत्रमा स्वास्थ्यकर्मीहरूले प्रमुख जिल्ला अधिकारीलाई स्वास्थ्य मन्त्रालयको पत्रको कार्यान्वयन गर्न सहयोग गर्न र आवश्यक निर्देशन दिन आग्रह गरेका छन् । यससँगै, स्वास्थ्य मन्त्रालयको पत्रको फोटोकपीसमेत प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको छ ।
स्वास्थ्यकर्मीहरूको यो कदमले निजी स्वास्थ्य संस्थाहरूलाई सरकारको निर्देशन पालना गर्न दवाब सिर्जना गर्ने विश्वास गरिएको छ । प्रमुख जिल्ला अधिकारीले यसबारे चाँडै कदम चाल्ने आश्वासन दिने अपेक्षा गरिएको छ ।

# घुम्ती पुस्तकालयबारे जनचासो बढ्दै




**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लामा पछिल्लो समय घुम्ती पुस्तकालय (बुकबस)बारे जनचासो बढ्दै गएको छ । भङ्गाहा नगरपालिका–४ राष्ट्रिय आधारभूत विद्यालय, दलित र जनजाति बसोबासका टोलकेन्द्रित घुम्ती पुस्तकालयका कारण पठन रुचि बढाएको अभिभावकले बताएका छन् । अमेरिकी राजदूतावास र कारखाना समूहको पहलकदमीमा युवा सञ्जाल महोत्तरीले घुम्ती पुस्तकालय गतिविधि संयोजन गरेको हो । ‘विद्यालयबाट घर आएपछि खेल्न बढी ध्यान दिने बालबालिका घुम्ती पुस्तकालयबारे चासो दिन थालेका छन्’, स्थानीय ३२ वर्षीय रामईश्वर ठाकुर भन्छन्, ‘घुम्ती पुस्तकालयले पढ्ने बानीको विकास भएको छ ।’ घुम्ती पुस्तकालयमा सचित्र वर्णनात्मक सामग्री, खेल सामग्री र मनोरञ्जनात्मक अभ्यास गराउने गरिएको छ ।
‘पुस्तकसँगको सम्बन्ध बढाउन र पठन अभिरुचि जगाउन खेल्दै, सिक्दै गर्ने विधि प्रभावकारी हुँदोरहेछ’, स्थानीय अशोककुमार महतोले भने । घुम्ती पुस्तकालय विद्यालय र बस्तीका चोकचोकमा पुर्याउँदा बालबालिकाको ध्यान यसतर्फ जान थालेको छ । बालबालिका घुम्ती पुस्तकालयतर्फ आकर्षित भएपछि आपूm हरुलाई उत्साहित बनाएको युवा सञ्जालका अध्यक्ष रवीन्द्रकुमार महतोले बताए ।
जिल्लामा पहिलो चरणको दुईदिने अभ्यासमा तीन सयभन्दा बढी बालबालिका सहभागी भएका उनको भनाइ छ । ‘घुम्ती पुस्तकालयको उद्देश्य ससाना बालबालिकामा पढाइप्रति रुचि जगाउनु र खेलकुदको माध्यमले सिकाइ अवधारणा स्थापित गर्नु हो’, उनी भन्छन् । सामुदायिक विद्यालय तथा शिक्षाको पहुँचबाहिरका वर्ग, समुदायलाई लक्षित गरे यो कार्यक्रम बागमती, सुदूरपश्चिम र मधेश प्रदेशमा सञ्चालन भइरहेको युवा सञ्जालले जनाएको छ ।
सञ्जालले घुम्ती पुस्तकालयको अभ्यास र गतिविधि भङ्गाहा नगरक्षेत्रका सबैजसो विद्यालय र विद्यालय नजिकका बस्तीमा गराउने जनाएको छ । भङ्गाहापछि मनराशिशवा र मटिहानी नगरपालिकामा घुम्ती पुस्तकालय पुर्याइने अध्यक्ष महतोले जानकारी दिए ।

# माघ ८ गतेदेखि सिरहा नगरस्तरीय फुटबल

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा नगरस्तरीय फुटबल प्रतियोगिता यही माघ ८ गतेदेखि सञ्चालन हुने भएको छ । सिरहा नगरपालिकाको आर्थिक सहयोगमा सलहेश युवा क्लबले प्रतियोगिताको आयोजना गर्ने क्लबका अध्यक्ष राजीपकुमार यादवले जानकारी दिए । उनका अनुसार प्रतियोगिता सदरमुकाम सिरहामा रहेको सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पसको खेलमैदानमा हुनेछ । यस प्रतियोगितामा सिरहा नगरपालिकाका २२ वडामध्ये १७ वटा वडाले आफ्नो सहभागिता जनाउने उनले जानकारी दिए । नगर क्षेत्रमा क्रियाशील युवा खेलाडीलाई समेटी उनीहरूको अन्तरनिहीत क्षमता र खेल क्षेत्रको विकासका लागि प्रतियोगिता गर्न लागिएको नगरप्रमुख डा नवीनकुमार यादवले बताए । उनले युवाहरूलाई कुलतबाट बचाउन र विदेश पलायन हुनबाट रोक्न यो प्रतियोगिताको विषेश महत्व रहने धारणा व्यक्त गरे । प्रतियोगितामा विजेतालाई नगद, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

# भारतीय गोलभेँडाको आयातले सर्लाहीका किसानलाई संकट



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय सस्तो गोलभेँडाको अत्यधिक आयातले सर्लाहीका किसानलाई ठुलो आर्थिक संकट पारेको छ । स्थानीय किसानले उत्पादन गरेको गोलभेँडाले बजारमा उचित मूल्य पाउन सकेका छैनन् ।
सर्लाहीमा गोलभेँडा प्रतिकेजी २० देखि २२ रूपैयाँमा बिक्री भइरहेको छ, तर भारतीय गोलभेँडाको सस्तो मूल्यले प्रतिस्पर्धा गर्न कठिन भएको किसान र व्यापारीहरूले बताएका छन् ।
किसानले महँगो मल, बिउ, र औषधि प्रयोग गरेर उत्पादन गरे पनि, भारतीय सहुलियत गोलभेँडाले उनीहरूको उत्पादनलाई बजारबाट विस्थापित गरिरहेको छ ।
व्यापारीहरूले सर्लाहीबाट दैनिक २ हजार क्रेट गोलभेँडा काठमाडौँ पठाउँदै आए पनि भारतीय गोलभेँडाको अत्यधिक आपूर्तिका कारण बिक्रीमा समस्या भइरहेको छ । चिस्यान केन्द्रको अभावले खेतमा पाकेका गोलभेँडा बिनासमय नष्ट हुने जोखिम बढेको छ । प्रति क्रेट २ हजार रूपैयाँमा बिक्री भएको गोलभेँडा अहिले ५सय रूपैयाँमा झरेपछि किसानहरूको लागत समेत उठाउन कठिन भएको छ । व्यावसायिक गोलभेँडा खेती हुने सर्लाहीको उत्तरी भेगमा पर्ने लालबन्दी, ईश्वरपुर, हरिवन र बागमती नगरपालिकाका किसानले फलाएको गोलभेँडा लालबन्दी, नवलपुर र तीनघरे बजारमा ल्याएर बिक्री गर्ने गरेका छन् ।

# पेनशनबाट बञ्चित शिक्षकहरुको विरोध



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारले जारी गरेको अध्यादेशमा शिक्षकलाई योगदानमा आधारित निवृत्तभरण कोषमा सहभागी गराउने व्यवस्था खारेज गर्न माग गरेको छ ।
पेन्सन बञ्चित शिक्षक समूह जिल्ला संघर्ष समिति पर्साले जिल्ला प्रशासन कार्यालय र शिक्षा विकास तथा समन्वय ईकाई पर्सामा ज्ञापनपत्र बुझाउदै अध्यादेशमा गरिएको व्यावस्था विभेदकारी भएको भन्दै खारेजीको माग गरेको हो ।
सरकारले पुष २९ गते जारी गरेको सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धि केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ का केहि बुँदा स्वागत योग्य भएपनि योगदानमा आधारित निवृत्तिभरण कोष ऐनको परिच्छेद ४ को ९ (क) मा ( क१) थप गरी “शिक्षक सेवा’ भन्ने विषय थप गरेको र सो प्रावधानले २०७५/१२/०४ पछि नियुक्त शिक्षकहरुलाई भूतप्रभावी कानून लागू गर्ने अध्यादेश जारी गर्नु आफैमा गलत, अन्यायपूर्ण र घोर आपत्तिजनक रहेको संघर्ष समितिका जिल्ला सचिव विन्दुभूषण साहले बताए । सेवा अवधि अपुग भइ पेन्सन बाट बन्चित हुने (अस्थाई, राहत, करार) शिक्षकहरूको समेत नपुग सेवा अवधि गणना गरि पुरानै प्रणाली अनुसार पेन्सनको व्यवस्था समेत लागु गर्न माग पनि गरेको छ । नयाँ संघीय शिक्षा ऐन जारी नहुँदाका बखतसम्म पुरानै निवृत्तिभरण प्रणाली लागू गर्न र नयाँ ऐन जारीपछि मात्र शिक्षकहरुका लागि योगदानमा आधारित निवृत्तिभरण कोष ऐन लागू गर्न माग गरेको छ ।
विद्यालय शिक्षा विधेयक २०८० संसदीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा परामर्श चरणमा छलफल भईरहेको अवस्थामा सम्बन्धित सरोकारवालाहरूसँग विना छलफल सरकारद्वारा अध्यादेश जारी गलत रहेको संघर्ष समितिका पर्सा जिल्ला संयोजक रामबालक प्रसाद यादवले बताए । विगतमा शिक्षकहरुको साझा छाता सङ्गठन नेपाल शिक्षक महासङ्घसंग भएका बिभिन्न सम्झौताहरु अक्षरश सम्बोधन हुनुपर्ने पेन्शन पञ्चित शिक्षकहरुको माग रहेको छ । उक्त प्रावधान खारेजी नभए सशक्त रुपमा आन्दोलनमा उत्रिने सम्पूर्ण पेन्शन बञ्चित पर्साका शिक्षकहरुले चेतावनी दिएका छन् ।

# राप्रपाका नेता दिगम्बर गिरीको निधन



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पर्सा क्षेत्र नम्बर ३ का निर्वाचन परिचालन कमिटी अध्यक्ष दिगम्बर गिरीको निधन भएको छ । पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर ५ महुवन निवासी गिरीको ५५ वर्षको उमेरमा निधन भएको हो ।
गिरीको वीरगंजको गण्डकस्थित नेपाल मेडिसिटी वयोधा हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको राप्रपाका पूर्व केन्द्रिय सदस्य नगिना यादवले जानकारी दिए ।
उनकाअनुसार यसअघि गिरी सोमबार बिहान ८ बजे गिरीको महुवनमै अन्तिम संस्कार गरिनेछ । सो अवसरमा पार्टीका नेता तथा कार्यकर्ताहरुलाई उपस्थितीका लागि पनि यादवले आग्रह गरेका छन् । गिरीका २ वटा छोरा र २ वटा छोरी रहेका छन् ।

# एक सय ९५ किलो गाँजासहित पक्राउ

**मधेशदृष्टि**
**पर्सा ।**
वीरगंज महानगरपालिका–१९ बर्वाबाट एक सय ९५ किलो अवैध लागुऔषध गाँजासहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका–१२ रमनटार बस्ने ३६ वर्षीय सुकलाल महर्जनलाई गएराति प्रहरीले पक्राउ गरेको हो ।
इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरीले बाप्र०३–००१ ख ३५८७ नम्बरको ट्रकबाट यो परिमाणको गाँजा ‘अनलोड’ गरी परालको थुप्रोमा लुकाइछिपाइ भाग्नेक्रममा ट्रक चालक सुकलाललाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षद्वारा प्रकाशित प्रहरी बुलेटिनमा जनाइएको छ ।
रौतहटको चन्द्रपुर नगरपालिका–४ बाट अवैध लागुऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्रामसहित सोही ठाउँ बस्ने ३४ वर्षीय प्रचण्डबहादुर थापालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको प्रहरीले निजलाई पदार्थसहित पक्राउ गरेको हो ।
बर्दियाको बढैयाताल गाउँपालिका–६ मैनापोखर बजारबाट चरेशजस्तो देखिने दुई किलो ९६ ग्रामको पदार्थसहित जाजरकोट जुनिजाँदे गाउँपालिका–५ मैफ बस्ने १९ वर्षीय कृष्ण थापालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ ।
त्यस्तै, कैलालीको गोदावरी नगरपालिका–१ बाट अवैध लागुऔषध चरेशजस्तो देखिने पदार्थ ७३ ग्रामसहित बैतडी पाटन नगरपालिका–८ घर भएका २९ वर्षीय जग्दिश भट्टलाई शनिबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले शङ्का लागि निजको पसल खोजतलास गर्दा यस्तो पदार्थ फेला पारेको थियो । यसैगरी, कैलालीको धनगढी उपमहानगरपालिका–१ पार्क मोडबाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ एक सय ९० मिलिग्रामसहित दुई जनालाई प्रहरीले गतराति पक्राउ गरेको छ ।
सोही ठाउँका २२ वर्षीय अभिषेक बसुवा र गौरीगङ्गा नगरपालिका–१ का २२ वर्षीय विष्णु गुरुङ पक्राउ परेका प्रहरीद्वारा प्रकाशित प्रहरी बुलेटिनमा जनाइएको छ ।

सम्पादकीय

# मधेशवादी दल जुट्नुको अर्थ

*नेपालको एक महत्वपूर्ण भूभागका रुपमा मधेश रहेको छ । यहाँ विविध जातीय, भाषिक र सांस्कृतिक समूहहरू बसोबास गर्छन् । मधेशको राजनीतिक इतिहास मधेशवादी दलहरूको उदय र पतनसँग जोडिएको छ । मधेशवादी दलहरूले ऐतिहासिक रूपमा मधेशको पहिचान, अधिकार र संघीयताको माग गर्दै संघर्ष गरेका छन् । तर, पछिल्ला वर्षहरूमा ती दलहरू आपसी विभाजन, आन्तरिक विवाद र साना–ठूला गुटमा विभक्त भएका छन् । तर, अहिले फेरि ती दलहरू मिल्ने प्रयास गर्दैछन् । यो प्रयासले भविष्यमा कस्तो परिणाम ल्याउँछ भन्ने विषयलाई अर्थपूर्ण रुपमा हेरिएको छ।*

*विशेषगरी मधेशवादी दलहरूबीच नेतृत्वको विषयमा विवाद हुँदै पार्टी नै विभाजन हुँदै आइरहेको छ । पार्टीका नेताहरूले आफ्नो स्वार्थलाई केन्द्रमा राख्नाले पार्टी विभाजन हुने गरेको छ।*

*वर्तमान सरकारको नेतृत्वमा रहेका कांग्रेस र एमाले मिलेर आफूहरुलाई मधेशमा साइज घटाइदिने हुन् की भन्नेमा यतिबेला मधेशवादी दलचित्र त्रास रहेको छ। मधेश केन्द्रीत दलहरु वर्तमान संविधान शुरु देखि नै आफूहरुको पक्षमा नभएको भन्दै असन्तुष्ट रहँदै आएका छन् । यसका लागि उनीहरुले संविधान संशोधनको माग राख्दै आइरहेका छन्। संविधान संशोधनको आफ्नो माग सम्बोधन हुने भन्दा पनि कांग्रेस–एमालेले मधेशमा आफूहरुलाई खुम्च्याउने डर यतिबेला मधेशकेन्द्रीत दलमा रहेको हुनाले मधेशलाई केन्द्र बनाएर राजनीति गर्ने दलहरू संविधान संशोधनका मामिलामा एक हुनैपर्नेमा एक प्रकारको चर्चा यतिबेला भइरहेको छ । त्यो चर्चा पटक पटक टुटफुटबाट बनेका मधेश केन्द्रीत दलहरुले चलाएका छन्।*

*मधेशवादी दलहरूका एजेन्डा समान भए पनि तिनका रणनीतिहरू र दृष्टिकोण फरक छन् । संघीयता, भाषा, नागरिकता र आर्थिक विकासका विषयमा स्पष्ट दृष्टिकोणको अभावले पनि मधेशवादी पार्टीहरूबीच दूरी बढेको छ । मधेशको राजनीति क्षेत्रीयता र जातीयतामा केन्द्रित भएकाले सबै दलहरूले आ–आफ्नो प्रभावक्षेत्र र समुदायमा बढी ध्यान दिएका छन् । यसले उनीहरूलाई आपसी सहकार्यभन्दा एक प्रकारको प्रतिष्पर्धात्मक रुपमा अगाडी बढाइरहेको छ । केही मधेशवादी दलले संघीय सरकारसँग सहकार्य गरेका छन् भने केहीले आफूलाई प्रतिपक्षी जसरी देखाइरहेका छन् । मधेशी दलहरुबीच एकले अर्कोलाई आलोचना गर्ने र अविश्वास भर्ने काम गरेको छ । नेताहरूबीच व्यक्तित्वको द्वन्द्व र आफ्नो समूहलाई अगाडि बढाउने कार्यले मधेशका पार्टीहरु विभाजन हुँदै आएका छन् । यसमा विशेषगारी चुनावपछिको सरकार गठन प्रक्रियामा मन्त्री पदको लोभले पार्टीहरू टुटफुट भएका उदाहरणहरु छन्।*

*मधेशवादी दलहरु आपसमा जुट्न भन्दा बढी फुट्न तयार हुने कारणहरुमध्ये नेताहरूबीचको गुटबन्दी र मतभिन्नता हो । यसका साथै, पार्टीहरूको आन्तरिक संरचना बलियो नहुनु, नीतिगत अस्पष्टता र सदस्यहरूबीच आपसी संवादको अभावका कारण पार्टी टुटफुटको सृङ्खला विगत लामो समयदेखि चल्दै आएको छ । कहिले जुट्ने र कहिले फुट्ने प्रकृया जस्तै भएको मधेशवादी दलहरु अहिले फेरि आपसमा जुट्नुपर्छ भन्नेमा चासो प्रस्तुत हुनु सकारात्मक पक्ष हो । यसका लागि उनीहरूले आफ्नो उद्धेश्य स्पष्ट गर्दै साझा मुद्दामा सहकार्य गर्नुपर्छ । मधेशको पहिचान, संघीयता र विकासलाई केन्द्रमा राखेर नीति तयार गरी आफूलाई त्यसमा होम्नुपर्छ । नेतृत्वले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर मधेशको हितलाई प्राथमिकता दिनुपर्छ।*

*सबै नेताबीच संवाद र सहकार्यका माध्यमबाट समाधान खोजिनुपर्छ । आफ्नो दृष्टिकोणमा लचिलोपन अपनाउँदै एकअर्काको विचारलाई स्वीकार्नुपर्छ । मिलेर अगाडि बढ्ने संस्कार विकास गर्नु अत्यावश्यक छ । पार्टीहरूको आन्तरिक संरचना बलियो बनाउँदै, निर्णय प्रक्रियालाई पारदर्शी र लोकतान्त्रिक बनाउनुपर्छ । संघीयता कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्दै मधेशको अधिकार सुनिश्चित गर्न सबै दलहरू एकमत भई अगाडी बढेको खण्डमा मधेशवादी दलहरू र मधेशको भविष्य निर्माण हुन सघाउ पुग्नेछ।*

# सिसी र चक्की भिटामिनको भ्रम



शुष्मा बराली

'डाक्टर साहेव, मलाई कमजोरी भइरहेछ, कुनै भिटामिन वा टनिक लेखिदिनुस् न ।' यो वाक्य अस्पताल, हेल्थपोष्ट र क्लिनिकमा काम गर्ने डाक्टर वा स्वास्थ्य कार्यकर्ताले प्रायः सुन्नुपर्छ। हातमा ठूला राम्रा टनिकका सिसी लिएर घरपरिवारका बालबालिका वा बिरामीबाट भर्खर तङ्ग्रिन लागेका व्यक्तिलाई खुवाउने प्रचलन अहिले गाउँ सहर सबै ठाउँमा बढ्दो छ। पहिले सुत्केरीलाई ज्वानोको झोल खुवाएर दूध पर्याप्त मात्रामा आउँथ्यो । क्याल्सियम पनि हुन्थ्यो । तर अहिले ज्वानोको नाममा नाक खुम्च्याइन्छ तर महँगा क्याल्सियमका चक्की भने मज्जासँग खुवाइन्छ । त्यसैगरी बढी भिटामिन ख्वाउनुपर्छ भनेर मानिसहरु जतातत्तै भिटामिनको खोजीमा छन् । कतिचोटी ग्राहक आफैँ औषधि पसलमा गएर भन्छन्,'मलाई कमजोरी भएको छ कुनै तागतको झोल दिनुस् न ।' औषधि पसलेले कुनै 'कुनै रङ्गीन झोल' निकालेर दिन्छ र ग्राहक खुसी हुँदै 'तागतको सिसी' लिएर फर्कन्छन्।

विशेषगरी गाउँघरतिर महिला ढाड दुख्नेदेखि लिएर मुटु पोल्नेसम्म जुनसुकै प्रकारको शारीरिक अस्वस्थतामा पनि भिटामिन प्रयोग गर्छन् । सहरका महिलाले पनि आफैँ 'दुब्लो भएँ, मोटाउने भिटामिन दिनुस् न' भन्दै औषधि पसलबाट किनेर ल्याउँछन् । गाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्दा कतिचोटी महिला खास कुनै समस्या नभए पनि कमजोरी भयो भनेर आउँछन् र भिटामिनको माग गर्छन् । यदि उनीहरुलाई भिटामिन नदिने हो भने 'कस्तो डाक्टर होला । केही रोग छैन भनेर भिटामिन दिएन' भनेर गुनासो गरेको पनि सुनिन्छ । त्यसैगरी बच्चाले भात खाएन भनेर बजारको औषधि खुवाए भात र रोटीले पाउने पोषण पुग्छ भन्ने ठान्छन्।

भिटामिन मानव शरीरको लागि एकदमै नभई नहुने तत्व हो । त्यस शब्दको उत्पत्ति नै ल्याटिनको भाइटल (अत्यन्त आवश्यक) शब्दबाट भएको हो। भिटामिन मानव शरीरलाई अत्यन्त कममात्रामा चाहिन्छ भन्ने त सबैलाई थाहा छ तर यो हामीले दिनदिनै खाने भोजनबाट नै प्राप्त हुन्छ र यसको बढी प्रयोग गरेर ज्यादा फाइदा हुँदैन भन्ने कुराचाहिँ कमैलाई थाहा छ। त्यसैले त उनीहरु त्यसको पूर्ति हेर्दा आकर्षक देखिने तर महँगा र अनावश्यक झोलहरुले हुन सक्दैन भन्ने तथ्यतर्फ कमैको ध्यान गएको पाइन्छ।

गर्भवती र सुत्केरी आमालाई सबै पौष्टिक तत्व एवं भिटामिनहरु बढी चाहिन्छन् भन्ने कुरा पनि प्रायःलाई थाहा हुन्छ, तर ती आवश्यक तत्वहरु प्राकृतिक भोजनमै धेरै हुन्छ भन्ने कुरामा कमैले ध्यान पु¥याएको देखिन्छ । आमा पनि चाहे काखको बच्चा होस् चाहे बढ्ने बच्चा सबैलाई भिटामिन झोल र टनिक दिएर सन्तुष्ट हुन्छन्, बच्चालाई पोषण दिइरहेको ठान्छन् । बाबु आमा कमैलाई थाहा छ– भान्छामा भएको भोजन नै बच्चालाई सबैभन्दा उपयुक्त हुन्छ।

आधुनिक चिकित्सा विज्ञानका पिता हिपोक्र्याटस भनेका थिए,'भोजन नै औषधि हो ।' विभिन्न विज्ञापनका भरमा औषधि किनेर खाने प्रचलन र घरको खानेकुराले मात्रै हाम्रो शरीर कमजोर हुन्छ भन्ने गलत मानसिकताका कारणले नै मानिसहरु सिसी र चक्की भिटामिन औषधि किनेर खान्छन् । हाम्रा करेसाबारीमा फलेका हरिया तरकारी, बजारमा पाइने मौसमअनुसारका फलफूल आदिलाई बेवास्ता गरेर हामीहरु धेरैजसो स्वास्थ्य राम्रो पार्नका लागि बजारका टनिक किनेर खान्छौँ।

भिटामिनको प्रयोग गर्दा चक्कीभन्दा रङ्गीन झोल वा टनिकहरु बढी फाइदाजनक र झोलभन्दा बढी भिटामिन सुई फाइदाजनक हुन्छन् भन्ने गलत धारणाले गर्दा गाउँघरमा प्रत्येक रोगको लागि भिटामिन सुई लिने प्रचलन पनि धेरै मात्रामा छ । अनेक भ्रामक र अज्ञानताको कारणले पछिल्लो समय गाउँघरमा पनि सस्ता पोषक खानेकुराहरु छोडेर महँगो झोल तथा सुईका पछाडि दौडिनेक्रम बढ्दै गएको छ । यस्तो चलन बढ्नुको एउटा कारण रेडियो, पत्रपत्रिका र टिभीजस्ता सञ्चार माध्यमहरुमा हर्लिक्स्, बुष्ट, बोर्नभिटाजस्ता भिटामिनहरुको प्रचारप्रसार अत्यधिक हुनु पनि हो।

भिटामिन 'ए' को कमीले हुने राति अन्धो हुने रोगको लागि 'भिटामिन ए' को क्याप्सुल बाँडिन्छ । तर तपाईको घरको बारीको फल मेवा वा अम्बा खाउँ है भनेर भनिदैन। जुन ठाउँमा पर्याप्त मात्रामा अमला पाइन्छ त्यो ठाउँमा भिटामिन सी' को चक्की बेचिन्छ महँगोमा। सस्तोमा पाइने अमला भिटामिन सीकोभन्दा धेरै सस्तो भएर पनि बेवास्ता गरिन्छ।

मानिसहरुले आफ्नो धेरै कमाई भ्रममा परेर यस्ता रङ्गीन झोलमा खर्च गरिरहेका छन्। औषधि पसलमा गएर रङ्गीन झोल किन्नुभन्दा अगाडि तपाईं डाक्टरलाई सोध्नुस्, 'के वास्तवमा नै मलाई भिटामिन जरुरी छ ?' भोक लगाउने टनिक आफूले खानुभन्दा अघि वा परिवारका सदस्यहरुलाई दिनुभन्दा अघि सोच्नुस्, 'के यो वास्तवमा तपाईंलाई चाहिन्छ रु के यसका सम्पूर्ण कुप्रभावहरुबारे तपाईंलाई जानकारी दिइएको छ ? कतिपय विकसित देशहरुमा कुप्रभाव पर्छ भनेर भनिएका यस्ता भिटामिनका चक्की वा झोलहरु नेपालमा प्रश्रयका साथ बिक्री वितरण भइरहेको छ । सन्तुलित भोजनबाट नै सबैखाले भिटामिनहरु पाउन सकिन्छ भनेर बुझ्नसक्यो भने भिटामिन झोल र टनिकको कसैलाई पनि जरुरत हुँदैन।

त्यसैगरी धेरै मानिसहरु भोजन भनेर पाचन गराउने रस किनेर खान्छन्। तर घरमै भएका खानेकुरा ज्वानो, हिङजस्ता तत्वहरुको प्रयोग गरे पनि पच्ने प्रक्रिया राम्रो हुन्छ भनेर धेरै थोरैलाई मात्र थाहा हुन्छ होला । युवा पुस्तामा त यस्ता कुराहरुमा कमैले चासो दिएको पाइन्छ । तराईमा घरघरमा पाइने मेवा पाकेर झरिरहेका हुन्छन्। त्यसलाई हेरेर आँखा तर्काएर हिँड्नेहरुलाई थाहा छैन कि मेवा कस्तो औषधि, पाचन रस र भिटामिनले भरिएको खानेकुरा हो भनेर । खाना पचाउने भनेर थरिथरिका सिसीहरु बजारबाट किनेर ल्याउनेहरुलाई थाहा छ कि छैन मेवामा शरीरका भोजन पचाउन चाहिने सबै पाचन रसहरु जस्तै– पापायीन, खिम्मोपापिन आदि हुन्छ।

मेवालाई विभिन्न ठाउँमा विभिन्न तरिकाले प्रयोग गरिन्छ । कतै पाकेको, कतैकतै पाकेको फललाई झोल बनाएर खाइन्छ, कतै काँचो मेवालाई तरकारी वा अचार बनाएर खाइन्छ जसरी खाए पनि यसले शरीरको रोग प्रतिरोधात्मक शक्ति बढाउने मात्रा होइन कि शरीरमा रहेका अन्य समस्या जस्तो कब्जियत हुने, खाना नपच्ने समस्या हुने आदि हटाउन पनि सक्छ । मेवामा भिटामिन 'सी' को मात्रा प्रचुर रहेको हुन्छ।

आधुनिक पाचन रसका बारेमा जानिफकार प्रोफेसर म्यकस वोल्फले क्यानेडियन सिपाहीहरुमा अनुसन्धान गरेका थिए । उनले पर्याप्त मात्रामा पाचन रस भएका फलफूलहरुको खान दिएका सिपाहीहरुको स्वास्थ्यमा मात्र सुधार भएन कि उनीहरुमध्ये जसलाई धेरै रुघाखोकी लागि रहन्थ्यो दुई तिहाईलाई त लामो समयसम्म रुघाखोकी नै लागेन । एक तिहाई सिपाहीलाई रुघाखोकी लागे पनि कडा रुपले लागेन । प्रोफेसर वोल्फले आफ्ना विभिन्न अनुसन्धानबाट यो निष्कर्ष निकाले कि, शरीरमा पर्याप्तमात्रामा पाचन रस हुने हो भने व्यक्तिहरुको शरीरमा किटाणुहरुले आक्रमण गरेर रोग लाग्ने सम्भावना कम हुन्छ। पाचन रस प्राप्त गर्न टाढा जानै पर्दैन। मेवामा रहेका पर्याप्त तत्वहरु नै खानेकुरा पचाउन पर्याप्त छन्।

तर प्रायः मानिसहरु घरमा फलेको मेवा खान छोडेर, औषधि पसलमा गएर पाचन गर्ने औषधि, विभिन्न भिटामिनका झोल, शक्ति दिने झोल, सुत्केरी महिलालाई दूध बढाउने झोल, बालबालिकालाई भोक लगाउने झोल भनेर अनेकथरीका थरीथरीका बट्टाहरु किनेको पाइन्छ। नेपाली उखान 'नजिकको तीर्थ हेला' भने झैँ आफूसँग भएको वस्तुको बेवास्ता गरेर त्यसको सट्टामा महँगा झोलहरु किन्नेक्रम बढिरहेको छ । यसले आर्थिक रुपमा मात्र नभई स्वास्थ्यका हिसाबले पनि फाइदा पुगेको छैन। रासस

# ओझेलमा सिद्धे चमेरे गुफा

**नारायणी रजौरे**




तुलसीपुर उपमहानगरपालिका–४ मूलकोटमा अवस्थित सिद्धे चमेरे गुफा प्रचारप्रसार तथा बाटोको असुविधाका कारण ओझेलमा परेको छ । जिल्लाकै पर्यटकको राम्रो सम्भावना बोकेको भएर पनि धेरैलाई जानकारी नहुँदा अवलोकनका लागि न्यून सङ्ख्यामा पर्यटक जाने गर्दछन्।

चारैतिर जङ्गल, पहाडको फेदमा रहेको सुन्दर प्राकृतिक गुफा देख्दा भने त्यहाँ पुग्ने जो कोही पनि मोहित हुने गर्दछन् गुफा क्षेत्र हरियाली र स्वच्छताले भरिपूर्ण छ। त्यहाँको मनमोहक दृश्यले अवलोकन गर्न पुग्ने सबैलाई लोभ्याउने गरेको छ । गुफा अवलोकन गर्न जानका लागि सडक सुविधा नहुँदा पैदल हिँडेर जानुपर्ने बाध्यता छ। गुफा तुलसीपुर बजारदेखि करिब १२ किलोमिटरको दूरीमा रहेको छ।

करिब साढे दुई दशक पहिले पत्ता लागेको प्राकृतिक गुफाको प्रचारप्रसार र प्रवद्र्धन गर्नसके बाह्य तथा आन्तरिक पर्यटकनको प्रवद्र्धन हुने स्थानीयवासीको भनाइ छ । तुलसीपुरबाट गुफा अवलोकन गर्न एक साताअघि पुगेकी व्यवसायी विमला पौडेलले गुफा देख्दा अति आनन्द आएको बताइन् । उनी भन्छिन्, "लामो दूरी पैदल हिँडेर गयौं, धेरै थकान लागे पनि त्यहाँ पुगेपछि भने सबै थकान मेटिने रहेछ ।" गुफासम्म पुग्न सामान्य कच्ची बाटो पुगे तापनि मोटर गुड्ने सडक नहुँदा बालबच्चा, ज्येष्ठ नागरिक र अशक्त व्यक्तिहरु जान समस्या रहेको उनको भनाइ छ।

तुलसीपुर उपमहानगरपालिका–५ की ४५ वर्षीया निरा ढुङ्गानाले चमेरी गुफाको विकासमा स्थानीय सरकारले उचित ध्यान नदिंदा अहिलेसम्म सो क्षेत्र ओझेलमा परेको बताउँछिन्। प्राकृतिक रुपमा रहेको गुफाको संरक्षण र यसलाई दिगो विकास गर्नसके जिल्लाकै मुख्य पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिने हुँदा यस गुफाको विकासमा ध्यान दिन स्थानीय, प्रदेश तथा सङ्घीय सरकारलाई उनको आग्रह छ।

बाहिरबाट हेर्दा पहाड र त्यसभित्र अवस्थित चमेर गुफामा चमेरा बस्ने भएका कारण यसको नाम चमेरे गुफा हुन गएको जानकारहरु बताउँछन्। हाल गुफामा दैनिक रुपमा ६० देखि ७० जनासम्म सर्वसाधारण अवलोकनका लागि जाने गर्दछन्। शनिबार तथा बिदाका दिनमा भने त्यो सङ्ख्यामा केही वृद्धि हुने चमेरे गुफा संरक्षण समितिले जनाएको छ।

यस गुफासम्म पुग्नका लागि साविकको जिल्ला विकास समिति, तुलसीपुर उपमहानगरपालिका, स्थानीय सामुदायिक वन र पर्यटन विकास कार्यालय भैरहवाको आर्थिक सहयोगमा गुफासम्म पुग्ने कच्ची बाटो, यात्रु प्रतीक्षालय, चमेना गृह तथा अन्य केही संरचनाहरु निर्माण भए पनि पछिल्ला वर्षमा कुनै निकायबाट बजेट उपलब्ध नगराउँदा गुफाको पर्याप्त विकास तथा पक्की सडक निर्माण हुन सकेको छैन।

सिद्धे चेमेरे गुफा संरक्षण समितिका अध्यक्ष भूपबहादुर पुनले गुफासम्म पुग्ने बाटो निर्माण गर्नका लागि बजेटको व्यवस्था गरिदिन पटकपटक लुम्बिनी प्रदेश सरकार तथा तुलसीपुर उपमहानगरपालिकाको ध्यानाकर्षण गराउँदासमेत कुनै सुनुवाइ नभएको बताए। हाल संरक्षण समितिले चमेरे गुफा अवलोकनका लागि प्रतिव्यक्ति २० रुपैयाँ लिने गरको छ। त्यसबाट सङ्कलित रकम गुफाको विकासमा लगाउने गरिएको उनको भनाइ छ।

तुलसीपुर उपमहानगरपालिका–४ का वडाध्यक्ष तुल्सी थापामगरले चमेरे गुफा संरक्षण र सम्वद्र्धन गर्नका लागि आफूले पहल गरिरहेको बताइन्। उनले भनिन्, 'चमेरे गुफालाई आफ्नो वडाको गहनाका रुपमा लिएका छौँ । यसलाई पर्यटकीय गन्तव्य बनाउने योजना रहेको छ तर बजेट अभावका कारण पक्की सडक निर्माण गर्न सकेका छैनौँ ।'

सन् २०११ मा चमेरे गुफाको प्रचारप्रसारका लागि भन्दै स्थानीय बासिन्दाले महोत्सवको पनि आयोजना गरेका थिए। त्यतिबेला धेरै सङ्ख्यामा पर्यटकले गुफाको अवलोकन गरेका थिए। सडकको उचित विकास नहुँदा पछिल्ला वर्षमा गुफाको अवलोकन आउनेको सङ्ख्या कमी आउनुका साथै यसको प्रचारप्रसारमा कमी आएको छ।

राप्ती राजमार्गअन्तर्गत तुलसीपुर सल्यान सडकखण्डको हर्नेटीसम्म बाटो पक्की छ । हर्नेटीबाट करिब चार किलोमिटरको कच्ची साँघुरो बाटो हिँडेपछि गुफासम्म पुग्न सकिन्छ । कच्ची तथा साँघुरो बाटो हुँदा वर्षात्को समयमा यातायातका साधन चल्न नसके पनि हिउँदमासाना सवारीहरु जाने गरेका छन् । ती सवारीमा गए पनि डेढ किलोमिटर पैदल यात्रा हिँड्नुपर्ने बाध्यता छ ।

गुफाभित्र विभिन्न देवीदेवता, शेषनाग र बाघहरुको स्वरुप पनि देखिने भएकाले गुफाको अवलोकन गर्ने जोकोही पनि चकित पर्ने गर्दछन् । गुफाको बाहिरी भाग र भित्री भागमा ती स्वरुपहरु देख्न सकिन्छ । तीन तहमा रहेको गुफाका प्रत्येक तहका भित्तामा विभिन्न स्वरुपहरु देख्न पाइन्छ। रासस

# बागमती प्रदेशसभाको पाँचौं अधिवेशन माघ १० गतेदेखि



**मकवानपुर ।**
बागमती प्रदेशसभा सचिवालयले यही माघ १० गतेदेखि पाँचौं अधिवेशन बस्ने तयारी गरेको छ ।
बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले प्रदेश सभाको पाँचौं अधिवेशन माघ १० गतेदेखि सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिए ।
'प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले अधिवेशन आह्वान गर्ने व्यवस्था छ', सभामुख पाठकले भने, 'प्रदेश सरकारले माघ १० गतेलाई अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने भन्ने कुरा भएको छ, त्यहीअनुसार हामी अधिवेशन सञ्चालनको तयारीमा जुटेका छौं । सम्भवतः आइतबार वा सोमबारसम्ममा प्रदेश सरकारबाट यसको जानकारी आउँछ होला', उनले भने ।
गत २०८१ वैशाख ३१ गतेदेखि सञ्चालन भएको बागमती प्रदेशसभाको चौथो अधिवेशन असोज ७ गते सकिएको थियो । सो अवधिमा बसेका ३८ बैठकले चारवटा विधेयक पारित गरेको थियोभने पाँचवटा विधेयक समितिमा पठाएको थियो । रासस

# सरकारको मुख्य उद्देश्य आर्थिक समृद्धि हासिल गर्नु होः गृहमन्त्री लेखक




**कञ्चनपुर ।**
गृहमन्त्री रमेश लेखकले सरकारको मुख्य उद्देश्य दिगो शान्ति, सुशासन कायम गर्नु र आर्थिक समृद्धि रहेको बताएका छन् ।
गृह मन्त्रालयद्वारा कर्णाली प्रदेशको राजधानी सुर्खेत, वीरेन्द्रनगरमा आइतबार आयोजित 'कर्णाली प्रदेशस्तरीय सुरक्षा गोष्ठी'लाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले भ्रष्टाचार तथा अपराध नियन्त्रण र विधिको शासन कायम गर्न लाग्नुपर्ने र ती कुरामा कुनैपनि सम्झौता नहुने जिकिर गरे ।
उनले भने, 'लोकतन्त्रमा अनुशासन र वितरण महत्वपूर्ण हुन्छ । अवसर, सम्भावना र अर्थ वितरण गर्दा जनतालाई सेवा प्रवाहमा सहजता दिन सक्नुपर्दछ ।'
औपचारिकता बढी भएर उपलब्धि कम भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले हरेक गतिविधि छोटो तथा परिणाममुखी बनाउन जोड दिए ।
उनले भने, 'शान्ति, सुरक्षा र अपराध नियन्त्रणको समीक्षा गर्न जरुरी छ । हामी समस्याको समाधान गरी निष्कर्ष निकाल्ने पक्षमा छौँ ।'
सङ्घीय सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सङ्घीय कानुन बनाउन थालेको तथा त्यसपश्चात् प्रहरी समायोजनको काम अगाडि बढ्ने गृहमन्त्री लेखकको भनाइ थियो । अहिले पनि कर्णाली प्रदेशका सुरक्षा निकायका संरचना प्रदेश बाहिर भएको उल्लेख गर्दै उनले स्थानीय तथा प्रदेश सरकारलाई जग्गाको व्यवस्था गर्न अनुरोध गरे ।
उनले भने, 'कर्णाली सबैभन्दा ठूलो, सुन्दर, ज्यादा सम्भावना र अवसर बोकेको प्रदेश हो । कर्णाली प्रदेशको शान्ति सुरक्षालाई थप सुदृढ, सक्रिय, स्पष्ट र प्रभावकारी बनाउने कुरामा आवश्यक काम गर्छौं ।'
दुई ठूला शक्ति एक ठाउँमा उभिनु मुलुकको आवश्यकता भएको जिकिर गर्दै गृहमन्त्रीले लेखकले संविधानको भावना अनुसार सङ्घीयता कार्यान्वयन गर्न आवश्यक भएको बताए । रासस

# 'टाक्सफोर्स'को जोखिम सूचीमा पर्न नदिन नेपाल चनाखो छः मन्त्री पौडेल

**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र विगतको भन्दा सुधारोन्मुख हुँदै गएको र सुधारका प्रयासले नतिजा दिन थालेको बताएका छन् ।
अर्थ मन्त्रालयले आइतबार काठमाडौँमा आयोजना गरेको पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा अर्थमन्त्री पौडेलले अर्थतन्त्र सुधार हुँदै गएको सूचकहरुले नै देखाएको बताए । 'हामीले आर्थिक सूचकहरुमा तलमाथि गरेका छैनौँ । सूचक हरियो छ भने हरियो र रातो छ भने रातो नै प्रस्तुत भएको छ । तथ्यले हाम्रो अर्थतन्त्र सुधार हुँदै गएको देखाउँछ', उनले भने ।
वर्तमान सरकार गठन भएपछि आर्थिक सूचकहरु सुध्रदै गएको अर्थमन्त्री पौडेलले बताए । 'आर्थिक परिसूचक अहिलेको भन्दा पहिला नकारात्मक थिए । ती परिसूचकलाई सकारात्मक बनाउन समय लागेको छ र निकै बढी मेहनत गर्नुपरेको छ । ओरालो लागेको अर्थतन्त्रलाई अहिले सकारात्मक दिशामा डो¥याएका छौँ', उनले भने ।
सरकारले अध्यादेशमार्फत कानून संशोधन गरे लगत्तै निजी क्षेत्रका छाता सङ्गठनले त्यसको स्वागत गरेको र यसले निजी क्षेत्रलाई अघि बढाउन भूमिका खेलेको उनको भनाइ थियो ।
'पुँजीगत खर्चमा गुणात्मक सुधार गर्न सरकारले काम गरिरहेको छ', अर्थमन्त्री पौडेलले भने । निर्माण व्यवसायीको भुक्तानी नरोकिएको उनले उल्लेख गरे । 'कुनै निर्माण व्यवसायीको भुक्तानी रोकिएको छैन । आजका दिनसम्म कसैले विधिसम्मत रुपमा दाबी गरेको छ भने भुक्तानी भएको छ', उनले भने ।
सम्पत्ति शुद्धिकरण अनुसन्धान मामलामा 'नेपाल फाइनान्सिएल एक्सन टाक्सफोर्स'को सम्भावित जोखिम सूचीमा पर्न नदिन नेपाल चनाखो रहेको अर्थमन्त्री पौडेलले बताए । 'सम्पत्ति शुद्धिकरण निवारण मामलामा हामीले गर्नुपर्ने कामको सूची छ । केन्द्रीय कार्यसूची बनाएर काम भइरहेको छ । त्यसलाई हामीले गम्भीरताका साथ कार्यान्वयन गरिरहेका छौँ । आफ्नो प्रतिष्ठा जोगाउँदै जाने विषयमा नेपाल सचेत छ', अर्थमन्त्री पौडेलले भने । रासस

# 'चीनसँगको सम्बन्ध उच्च प्राथमिकतामा'

**काठमाडौँ ।**
उपसभामुख इन्दिरा रानाले नेपाल–चीनबीचको सम्बन्ध उच्च प्राथमिकतामा रहेको बताएकी छिन् । चिनियाँ नयाँ वर्षको उपलक्ष्यमा काठमाडौंमा आयोजित परेड कार्यक्रममा सम्बोधन गर्दै उपाध्यक्ष रानाले दुई देशबीचमा सुमधुर र समस्यारहित सम्बन्ध रहेकाले उच्च प्राथमिकता दिँदै आएको धारणा राखेकी हुन् ।




'नेपाल र चीनबीच घनिष्ठ, मैत्रीपूर्ण र ऐतिहासिक सम्बन्ध छ । हाम्रो सम्बन्धको जरा गहिरो र बहुआयामिक छ,' उनले भनिन्, 'हामी दुई देशबीचको सुमधुर र समस्यारहित सम्बन्धबाट धेरै खुसी छौँ र हामी चीनसँगको सम्बन्धलाई उच्च महत्व र प्राथमिकता दिन्छौँ ।'
उपसभामुख रानाले नेपाल सधैँ एक चीन नीतिको बलियो समर्थक रहँदै आएको पनि दोहो¥याइन् । 'नेपाल सधैँ एक चीन नीतिको बलियो समर्थक रहँदै आएको छ र भविष्यमा पनि यसमा प्रतिबद्ध रहनेछ,' उनले भनिन्, 'नेपाली भूमिप्रयोग गरी चीनविरुद्धको कुनै पनि गतिविधि हुन नदिने हाम्रो नीति र प्रतिबद्धतामा हामी दृढ छौँ ।'
उनले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति चीनले गरेको निःशर्त सम्मानको नेपालले सधैँ कदर गर्ने पनि बताइन् ।
त्यस्तै उनले दुई देशले उच्चस्तरीय भ्रमण र कार्यक्रमको नियमित आदानप्रदानबाट द्विपक्षीय सम्बन्धमा ऐतिहासिक प्रगति र गतिशीलता हासिल गरेको चर्चा गर्दै उपसभामुख रानाले औपचारिक भ्रमणका क्रममा भएका महत्त्वपूर्ण निर्णय र सहमतिहरूले द्विपक्षीय सम्बन्ध र सहयोगमा नयाँ गतिशीलता ल्याउने विश्वास पनि व्यक्त गरिन् । उपसभामुख रानाले चीन र नेपाल, दक्षिण एसिया, दक्षिण पूर्व एसिया र मध्य एसियाका अन्य देशहरूबीचको सम्पर्क विस्तारका लागि ट्रान्स हिमालयन प्लेटफर्मको कार्यान्वयनलाई तीव्रता दिन चाहेको धारणा राखिन् ।
चीनका राजदूत छन सोङले चीन–नेपाल कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव र चिनियाँ नयाँ वर्ष मनाउने क्रममा आयोजित परेडले विशेष महत्त्व रहेको बताउँदै यसले दुई देशबीचको घनिष्ठ र निरन्तर बढ्दै गइरहेको सम्बन्धलाई अगाडि बढाउन उत्कृष्ट अवसर बन्ने विश्वास व्यक्त गरे । सो अवसरमा चीन र नेपालका विविध संस्कृति झल्कने प्रस्तुति पनि देखाइएको थियो । रासस

# पर्वतका दुई सामुदायिक क्याम्पस 'मर्ज'

**पर्वत ।**
पर्वतको सदरमुकाम कुश्माबजारमा सञ्चालित दुईवटा क्याम्पस एकआपसमा गाभिएका छन् । आर्थिक मन्दी, सरकारको असहयोग र विद्यार्थीको सङ्ख्या बर्सेनि घट्दै गएपछि गुप्तेश्वर बहुमुखी क्याम्पस र शिवालय बहुमुखी क्याम्पस गाभिएर कुश्मा बहुमुखी क्याम्पस बनाइएको छ ।
गुप्तेश्वर क्याम्पस २०४८ सालदेखि र शिवालय बहुमुखी क्याम्पस २०६७ सालदेखि सञ्चालित हुँदै आएका थिए । क्याम्पस एकीकरणका लागि शिवालय बहुमुखी क्याम्पसका पूर्वव्यवस्थापन समिति अध्यक्ष गोविन्द पहाडीको संयोजकत्वमा बनेको समितिले शनिबार अन्तिम टुङ्गो लगाएको हो ।
नयाँ नामकरण भएको कुश्मा बहुमुखी क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयले समेत अनुमति दिएको छ । यसअघि दुई क्याम्पसका सञ्चालक समितिका पदाधिकारी, प्राध्यापक तथा सञ्चालक सदस्यको उपस्थितिमा आठवटा उपसमिति गठन गरिएको थियो । समितिले दुई क्याम्पस 'मर्ज' गर्नका लागि कानुनी प्रावधानहरूको संशोधनदेखि क्याम्पस सञ्चालनको आगामी खाका प्रस्तुत गरेका थिए ।
अहिले गुप्तेश्वर बहुमुखी क्याम्पसमा स्नातकोत्तरसहित दुई सय ६२ र शिवालय बहुमुखी क्याम्पसमा दुई सय ६८ जना विद्यार्थी रहेका छन् । क्यापसमा विद्यार्थी सङ्ख्या निरन्तर घट्दै जाने तर क्याम्पसको प्रशासनिक र सञ्चालन खर्च बढ्दै जान थालेपछि एकीकरण गर्नुपरेको संयोजक पहाडीले बताए ।
दुवै क्याम्पसका सञ्चालक समितिले क्याम्पसलाई एकीकरण गरी एक सवल, परिस्कृत, आधुनिक र एकीकृत क्याम्पस स्थापना गर्न आवश्यक रहेको महसुस गरी एकीकरण प्रकिया अघि बढाइएकामा एक वर्षको प्रयासपछि सबै प्रक्रिया पूरा भएको उनले बताए ।
क्याम्पस एकीकरण प्रक्रिया टुङ्गिएसँगै चालु शैक्षिकसत्रदेखि नै दुवैतर्फ सञ्चालित कक्षालाई एकीकृत रूपमा सञ्चालन गरिने भएको छ । बजारमा रहेको शिवालय बहुमुखी क्याम्पस र झण्डै दुई किलोमिटर टाढा छमर्केमा रहेको गुप्तेश्वर बहुमुखी क्याम्पसमा सञ्चालित कक्षालाई विद्यार्थी र प्राध्यापकहरूको अनुकूलताअनुसार सञ्चालन गरिने उनले बताए । दुवै क्याम्पस समुदायद्वारा सञ्चालन भएका थिए ।
जिल्लाभर १२ सामुदायिक क्याम्पस सञ्चालनमा छन् । जिल्लाका सबैजसो क्याम्पसमा विद्यार्थीको सङ्ख्या न्यून छ । विद्यार्थीको सङ्ख्या न्यून हुँदा ती क्याम्पस बन्द हुने अवस्थामा पुगेका छन् । रासस

# कांग्रेसद्वारा प्रदेश सभापति थापामाथिको आक्रमणको निन्दा

**काठमाडौँ ।**
नेपाली कांग्रेसले पार्टीका कोशी प्रदेश सभापति एवं संसदीय दलका नेता, पूर्वमुख्यमन्त्री उद्धव थापामाथि केही व्यक्तिले शनिबार झापामा गरेको आक्रमणको निन्दा र भत्र्सना गरेको छ ।
नेपाल प्रेस युनियन झापाको कार्यक्रमबाट फर्कँदै गर्दा कन्काई नगरपालिकाको सुरुंगानजिक उनीमाथि आक्रमण भएको थियो ।
उनको निधारमा चोट लागेको कांग्रेसले जनाएको छ ।
कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्तिमार्फत उनको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको यथार्थ छानबिन गरेर अराजक र आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कानुनी कारबाहीका लागि सरकारसँग माग गरेका छन् । रासस

# चराको बासस्थान लोप हुँदै

**जानकी ।**
राप्ती सोनारी गाउँपालिका– १ कुसुमस्थित राप्ती नदीबाट जलमा आश्रित चरा गणना आइतबारदेखि सुरुवात गरिएको छ । मध्यवर्ती क्षेत्रअन्तर्गत बाँकेको राप्ती नदीबाट गणना सुरु गरिएको बाँके निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले जानकारी दिए । 'प्रत्येक वर्षझैँ यस वर्ष पनि राप्ती नदीबाटै जलचराको गणना सुरु गरेका छौँ,' उनले भने, 'यो नदीमा प्रायः यहाँका रैथानेसँगै आगन्तुक चरा आश्रित हुन्छन् ।' निकुञ्ज प्रमुख कँडेलका अनुसार यस वर्ष चरा गणनाका क्रममा पहिलो दिनमै विभिन्न प्रजातिका चरा क्यामेरामा कैद भएका छन् ।



चरा गणनाका लागि राप्तीमा पुगेका चराविद् राम शाहीले पछिल्लो समयमा चराको वासस्थान लोप हुँदै गइरहेको बताए । नदी, सिमसार क्षेत्र तथा जलाशयमा मानवबाट हुने गतिविधिले गर्दा चराको वासस्थान लोप हुन पुगेको उनको भनाइ छ । 'खोलानाला र नदीमा गरिने मानवीय गतिविधि चराको हितमा नभएकाले चराको वासस्थान लोप हुँदै गइरहेको छ,' उनले भने । विगत तीन वर्षदेखि हरेक हिउँदे याममा चरा गणना गरिँदै आएकामा यस वर्ष पनि चरा गणनालाई निरन्तरता दिइएको संरक्षणकर्मी आशिष चौधरीले बताए ।
उनका अनुसार बाँकेका नदी, सिमसार क्षेत्र तथा जलाशयमा आगन्तुक चराको समेत वासस्थान रहेको पाइएको छ ।चराको वासस्थानमा भइरहेका निर्माणकार्य, जथाभावी रूपमा भइरहेको विषादीको प्रयोग, मानिसको बढ्दो आवतजावतका कारण चराको वासस्थान लोप भएर संख्या घट्दो रहेको संरक्षणकर्मी चौधरीले बताए । 'मानवीय गतिविधिका कारण चरको वासस्थानमा धेरै नै अवरोध हुँदै गइरहेको छ,' उनले भने, 'हामी संरक्षण गर्नेहरू मात्र नभई स्थानीय र नदी वरपर बस्ने रैथाने पनि सजग हुन आवश्यक देखिन्छ ।'
चराविज्ञ, संरक्षणकर्मी, निकुञ्जका अधिकारी, सुरक्षाकर्मीलगायत टोली शनिबारदेखि राप्ती नदीमा चरा गणनाका लागि परिचालित भएको छ । उक्त टोलीले बाँकेमा रहँदा बाँके राष्ट्रिय निकुञ्ज, राप्ती नदी, सिमसार क्षेत्र तथा जलाशयमा पुगेर चरा गणना गरिने बाँके निकुञ्जले जनाएको छ । गणनाका क्रममा उक्त टोली बाँकेको नेपालगन्जस्थित कान्ति ताल, बैजनाथमा रहेको सुतैया ताल, बर्दियाका सीमाक्षेत्र मानखोलालगायत स्थानमा पुग्ने चराविद् शाहीले जानकारी दिए । उनका अनुसार नेपालगन्जस्थित कान्ति तालमा संरक्षित पक्षी सारसको समेत वासस्थान रहेको छ । बाँकेमा योसहित तेस्रोपटक चरा गणना गरिएको छ । रासस

# प्रधानमन्त्री कप क्रिकेटः

# कोशीले बागमतीलाई हरायो

**बैतडी ।**
जारी प्रधानमन्त्री कप टी–२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबारदेखि समूह 'बी'का खेल सुरु भएका छन् । समूह 'बी'को पहिलो खेलमा कोशी प्रदेशले बागमती प्रदेशलाई १० रनले पराजित गर्दै सुखद् सुरुआत गरेको छ ।
खराब मौसमका कारण १३ ओभरमा छोट्याइएको खेलमा ६४ रनको लक्ष्य पछ्याउने क्रममा बागमती १२ दशमलव एक ओभरमा ५३ रनमा समेटियो । बागमतीका लागि सविका यादवले २० र विपिशा शाहीले अविजित १२ रन बनाइन् ।
कोशीका लागि कप्तान रुबिना क्षेत्री, ज्योती दनुवार र सङ्गीता राईले दुई÷दुई विकेट लिए । फाल्गा क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्ता पाएको कोशीले निर्धारित १३ ओभरमा सात विकेटको क्षतिमा ६३ रन बनायो । उसका विमला मलाहाले अविजित १९ र कप्तान रुविना क्षेत्रीले १५ रनको योगदान दिइन् । बागमतीका लागि मनिशा उपाध्यायले ह्याट्रिकसहित चार विकेट हात पारिन् । मनिशा जारी प्रतियोगितामा ह्याट्रिक गर्ने पहिलो खेलाडी समेत बनिन् । कोशीकी कप्तान क्षेत्री प्लेयर अफ द म्याच भइन् ।
समूह 'ए'बाट एपिएफ र सुदूरपश्चिमले शीर्ष चारमा स्थान बनाइसकेका छन् । यही माघ १ गतेदेखि शुरु प्रतियोगितामा नौ टोलीको सहभागीता छ ।
प्रतियोगिताको उपाधि विजेताले रु पाँच लाख, दोस्रो हुनेले तीन लाख रुपैयाँ, प्लेयर अफ द सिरिजलाई ५० हजार रुपैयाँ, उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई २५÷२५ हजार रुपैयाँ पुरस्कार दिइनेछ । रासस



# २६ सय अंकमा पुग्यो नेप्से

**काठमाडौं ।**
नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आइतबार दुई हजार छ सय अङ्कभन्दा माथि उक्लिएको छ । आइतबारको कारोबारपछि परिसूचक शून्य दशमलव ४८ प्रतिशत अर्थात् १२ दशमलव ५८ अङ्कले बढेर दुई हजार छ सय एक दशमलव २१ अङ्कमा पुगेको हो ।
विभिन्न तीन सय २५ कम्पनीका एक करोड २९ लाख ८२ हजार छ सय १९ कित्ता शेयर ७२ हजार पाँच सय ४० पटक खरिद बिक्री हुँदा छ अर्ब २५ करोड ७२ लाख ३५ हजार छ सय २४ रुपैयाँमा कारोबार भएका छन् । आइतबारको कारोबारपछि बजार पुँजीकरण १४ खर्ब ३९ अर्ब ९८ करोड ९६ लाख ४७ हजार नौ सय ३२ रुपैयाँ पुगेको छ ।
आइतबार बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ०९, साम्लिङ पावर कम्पनीको शेयर मूल्य सात दशमलव ४६, नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयर मूल्य सात दशमलव ३७ प्रतिशतले बढेको छ ।
साथै सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। त्यसैगरी एनआइसी एसिया सेलेक्ट फण्ड ३० को शेयर मूल्य छ दशमलव ९३ प्रतिशत, रिभर फल्स पावर लिमिटेडको छ दशमलव ४५ प्रतिशतले घटेको छ । रासस

# बाँझो बारी जोतेर कोदो उत्पादन

**पर्वत ।**
पर्वतको कुश्मा नगरपालिकाले लामो समयदेखि बाँझै राखिएको बारी जोतेर कोदो उत्पादन गर्न थालेको छ ।
कुश्मा– १४ आर्थरमा बाँझो जग्गा सदुपयोग गरेर नगरपालिकाले यस वर्ष १६ मुरी कोदो उत्पादन गरेको हो ।
नगरपालिकाले बेरोजगार युवाहरुलाई रोजगारीमा जोड्ने र बाँझो रहेको जग्गालाई सदुपयोग गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत कोदोखेती शुरु गरेको नगरपालिकाका रोजगार संयोजक अमृत सुवेदीले बताए । उक्त कार्यक्रमलाई उत्पादनसँग जोड्न यहाँको बाँझो जग्गालाई छनोट गरिएको भन्दै यो क्षेत्र विगतमा कोदोखेतीमा प्रख्यात रहनुका साथै उत्पादनयोग्य जमिन भएकाले पनि प्रशस्त उत्पादन हुने उनले उल्लेख गरे ।
बसाईंसराइ, वैदेशिक रोजगारी र शिक्षाका लागि सहरकेन्द्रित हुनु, सुविधाको पहुँच विस्तारले यस क्षेत्रको जमिन बाँझो बनेको र अन्य कारणले बाँझो बनेको सुवेदीले बताए । बाँझो जग्गालाई सदुपयोग गरी करिब दुई सय रोपनी क्षेत्रफलमा खेती गरिएको जनाउँदै उनले पहिलो चरणमा गरिएको खेतीबाट १६ मुरी कोदो उत्पादन भएको उल्लेख गरे ।
उत्पादित कोदोलाई पुरानो वडा कार्यालयमा भण्डारण गरी राखिएको छ । जसको मूल्य प्रतिपाथीको दुई सय ५० रुपैयाँ निर्धारण गरिएको छ । कोदोको नल करिब ४० भारी रहेको र त्यसको मूल्य प्रतिभारी चार सय रुपैयाँ कायम गरिएको रोजगार संयोजक सुवेदीले बताए । यो मूल्य अनुसार कोदोको कुल ८० हजार रुपैयाँ र नलको १६ हजार रुपैयाँ गरी नगरपालिकाले ९६ हजार रुपैयाँ आम्दानी गरेको उनले जानकारी दिए ।
बाँझो जग्गामा न्यूनतम रोजगारीमा संलग्न हुन चाहेका वडाका सूचीकृत युवालाई यो कार्यक्रममा समावेश गरिएको थियो । युवालाई रोजगारीको अवसर प्राप्त हुनुका साथै बाँझो जमिनमा अन्नपात उब्जनी हुने भएकाले यो कार्यक्रम प्रभावकारी देखिएको रोजगार संयोजक सुवेदीले बताए । स्थानीय हुमनाथ पौडेलले बनमारा र खरले भरिएको बारी सरसफाइ गरी थालिएको खेतीबाट यति धेरै कोदो फल्नुले जग्गा बाँझो छाड्न नहुने सन्देश दिएको बताए । यो कार्यक्रमबाट गाउँका करिब २५ महिला र २० जना युवाले काम गर्ने अवसर पाएका उनले जानकारी दिए ।
राज्यले प्रदान गरेको ससर्त अनुदानलाई स्थानीय तहले उद्देश्यअनुरुप बेरोजगारलाई रोजगार प्रदान गर्ने, उर्वर क्षमता भएको बाँझो जग्गाको सदुपयोग गर्ने र उत्पादित कृषि उपजको बिक्री गरी पालिकाको आन्तरिक आय वृद्धिका लागि यो अवधारणा तर्जुमा गरिएको नगर प्रमुख रामचन्द्र जोशीले बताए । पालिकाको नीति तथा कार्यक्रम अनुसार यो कार्यको थालनी भएको उल्लेख गर्दै उनले गाउँमा खेतीपाती गर्ने जनशक्तिको अभाव रहेका अवस्थामा यो कार्यक्रम बाँझो जमिन सदुपयोग हुन थालेको उल्लेख गरे । कुश्मा नगरपालिकाले 'नगर प्रमुखसँग रोजगार कार्यक्रम' सञ्चालन गरेको छ । नगरका बेरोजगार जनशक्तिलाई विकास निर्माणमा परिचालन गर्ने उद्देश्यले चालू आर्थिक वर्षदेखि यो कार्यक्रम सुरु गरिएको हो । सबै बेरोजगार युवालाई आफ्नो सीप र योग्यताअनुसारको कार्यक्रममा आवेदन दिन नगर कार्यालयले आग्रह गरेको छ । रासस

# सरकारले तिर्न बाँकी ऋण २५ खर्ब ३६ अर्ब

**काठमाडौं ।**
चालु आर्थिक वर्ष २०८१÷८२ को अर्धवार्षिक समीक्षा अवधिसम्म सरकारको तिर्न बाँकी ऋण २५ खर्ब ३६ अर्ब रुपैयाँ नाँघेको छ ।
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत पुस मसान्तसम्मको ऋणको प्रतिवेदनअनुसार पछिल्लो छ महिनामा मात्र एक खर्ब दुई अर्ब रुपैयाँ सरकारी ऋण थपिएको छ ।
'चालु आर्थिक वर्षको सुरुमा सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँ रहेकामा पुस मसान्तसम्मा एक खर्ब दुई अर्ब तीन करोड रुपैयाँ थप वृद्धि भई कूल सार्वजनिक ऋणको दायित्व २५ खर्ब ३६ अर्ब १३ करोड रुपैयाँ पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४४ दशमलव ४६ प्रतिशत हुन आउँछ', कार्यालयको प्रतिवेदनमा भनिएको छ ।
कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव ३१ प्रतिशत अर्थात् १३ खर्ब एक अर्ब ४१ करोड ७३ लाख रुपैयाँ बराबर छ । कूल गार्हस्थ्य उत्पादनसँग बाह्य ऋणको अनुपात २२ दशमलव ८१ प्रतिशत हो ।
त्यस्तै, कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ६८ अर्थात् १२ खर्ब ३४ अर्ब ७१ करोड ४१ लाख रुपैयाँ बराबर छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको प्रतिशत २१ दशमलव ६४ प्रतिशत हो । सरकारले चालू आर्थिक वर्षमा कूल पाँच खर्ब ४७ अर्ब रुपैयाँ ऋण उठाउने लक्ष्य राखेकामा गत पुस मसान्तसम्ममा दुई खर्ब ४० अर्ब आठ करोड रुपैयाँ ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको ऋण प्राप्ति ४३ दशमलव ८९ प्रतिशत हो ।
चालु आर्थिक वर्षका लागि तीन खर्ब ३० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने सरकारको लक्ष्य रहेकोमा पुस मसान्तसम्ममा एक खर्ब ८१ अर्ब पाँच करोड रुपैयाँ अर्थात् वार्षिक लक्ष्यको ५४ दशमलव ८६ प्रतिशत ऋण उठाइएको छ ।
त्यस्तै, दुई खर्ब १७ अर्ब रुपैयाँ बाह्य ऋण उठाउने वार्षिक लक्ष्य रहेकामा पुस मसान्तसम्ममा २७ दशमलव २० प्रतिशत अर्थात् ५९ अर्ब तीन करोड रुपैयाँ प्राप्ति भएको छ ।
सार्वजनिक ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले चालु आर्थिक वर्षका लागि चार खर्ब दुई अर्ब ८५ करोड रुपैयाँ विनियोजन गरेको छ । गत पुस मसान्तसम्ममा साँवा ब्याज तिर्न एक खर्ब ८२ अर्ब ४० करोड रुपैयाँ खर्च भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ४५ दशमलव २८ प्रतिशत हो। कूल गार्हस्थ्य उत्पादनका आधारमा पुस मसान्तसम्ममा कूल ऋण सेवा खर्च तीन दशमलव २० प्रतिशत रहेको कार्यालयले जनाएको छ । रासस

# रिडी मेलाको मुख्य आकर्षक घरेलु सामग्री

**गुल्मी ।**
छ दिनसम्म सञ्चालन भएको रिडी मेलामा यसपटक घरेलु उत्पादनका सामग्रीहरुको राम्रो व्यापार भएको छ ।
गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गमस्थल रुरुक्षेत्रको रिडीमा माघे सङ्क्रान्तिका अवसरमा यहाँ घरेलु उत्पादनका सामग्रीहरु किनमेल गर्न आउनेहरुको घुइँचो लागेको थियो ।
हजारौँ मानिसहरुको उपस्थित रहने यस मेलामा राडीपाखी, डोको, डालो, सुपा, काम्लालगायत वस्तुहरुको राम्रो व्यापार हुने गर्दछ ।
त्यसका अतिरिक्त काठबाट कुँदेर बनाएका ठेका, आरी, ओखरका घाँजी, गुड र चाकु किन्नेहरुको पनि उत्तिकै भीड लाग्ने गर्दछ ।
रिडी मेलामा बाग्लुङको ढोरपाटनदेखि रोल्पा, पूर्वी रुकुम र जुम्लादेखि मानिस राडीपाखी, काम्लो ओखरका घाँजी बोकेर व्यापारका लागि बर्सेनि आउने गरेका छन् । यसपटक पनि उनीहरुले यो व्यवसायलाई निरन्तरता दिएको स्थानीय सुन्दर कुसजुले बताए । 'उनीहरु मेलामा समूहहरु बनाएर आउने र एक सातासम्म बसेर सामान बिक्री गरी घर फर्कने गर्दछन्', उनले भने ।
वर्ष दिनसम्म आफूले उत्पादन गरेका सामग्रीहरु सङ्कलन गरेर रिडी मेलामा ल्याउने र उक्त सामीग्रहरु बिक्री गरेर घर खर्च चलाउने गरेको पूर्वी रुकुमबाट रिडी आइपुगेका ५५ वर्षीय मानबहादुर विकले बताए । विगतका वर्षमाभन्दा यसपटकको मेलामा राम्रो व्यापार भएको उनले बताए ।
मेलामा गिठीको काठबाट कुँदेका ठेका, फलामजन्य सामग्री हँसिया, कोदालो, खुकुरी, बञ्चरोलगायत सामग्रीको पनि यसपटक राम्रो व्यापार भएको उनले बताए ।
बाग्लुङको जलजलादेखि ल्याएका निगालो र बाँसबाट बुनेका डोका, नाम्लो, सुपा र डाला किन्नेको पनि उत्तिकै भीड लागेको थियो । ग्रामीण क्षेत्रमा यी वस्तुहरुको उपयोग बढी हुने भएका कारण मानिस यस्ता वस्तु खरिदका लागि रिडी मेलामा आउने गर्दछन् । पछिल्लो समय बजारमा आएका तयारी वस्तुहरुले पुराना हस्तकलाका सामग्रीको बिक्री कम हुँदै जान थालेको व्यापारका लागि रिडी आइपुगेकी रुकमकी मनकली श्रीपालीले बताइन् । हातबाट बुनेका कम्बल, काम्लो र राडीपाखीहरुको मूल्य केही महँगो भए पनि लामो समयसम्म टिकाउ र न्यानो हुने उनको भनाइ छ ।
यस्ता प्रकारका सामग्री खरिद गर्नमा अधिकांश पाकापुस्ताका मानिस बढी देखिने गरेका छन । घरेलु उत्पादित हस्तकलाका सामग्रीको विशेषता र महत्व बुझेका मानिसले यस्ता वस्तु खोजीखोजी किनेर लैजाने गरेको स्थानीय अशोक श्रेष्ठले बताए । रिडी मेलामा रुरु क्षेत्रको दर्शनसँगै घरेलु सामग्री खरिद गर्नका लागि बुटवल, पोखरा, दाङ, नवलपरासी, चितवन र काठमाडौंदेखि मानिसहरु आउने गर्दछन् ।
उद्योग वाणिज्य सङ्घ रिडी शाखा, रुरु फ्रेन्डस क्लब र फ्रेन्डस् क्लब रिडीको संयुक्त आयोजनामा रुरु क्षेत्रमा माघ १ गतेदेखि छ दिनसम्म धार्मिक एवं सांस्कृतिक कार्यक्रमसहित रिडी मेलाको आयोजना गरिएको थियो । रासस



# दुई लाख सिरियाली शरणार्थी स्वदेश फिर्ता

**दमास्कस ।**
सिरियामा लामो समयदेखि शासन गर्दै आएका बसर अल–असदलाई सत्ताच्युत गरिएपछि अन्तरिम सरकार र सहयोगी अन्तर्राष्ट्रिय सङ्घसंस्थाको पहलमा करिब दुई लाख शरणार्थी स्वदेश फिर्ता भएका छन् ।
संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त फिलिप्पो ग्रान्डीले गत वर्षको डिसेम्बर यता करिब दुई लाख सिरियाली शरणार्थी आफ्नो देश फर्केको पुष्टि गरे । सन् २०२४ डिसेम्बर ८ मा राष्ट्रपति बसर अल असदको सरकार ढलेपछि जनवरी १६ सम्ममा एक लाख ९५ हजार २०० सिरियाली नागरिक स्वदेश फर्किसकेका ग्रान्डीले सामाजिक सञ्जाल एक्समा पोस्ट गरेको तथ्याङ्कमा उल्लेख छ ।उनले शरणार्थी व्यवस्थापनका लागि सिरिया र छिमेकी देशहरूको भ्रमण गर्ने योजना पनि घोषणा गरेका छन् ।शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (यूएनएचसीआर), संयुक्त राष्ट्र सङ्घीय शरणार्थी निकायको समर्थनलाई बलियो बनाउन समयसीमा निर्दिष्ट नगरिएको भएपनि क्रमिकरूपमा कार्यतालिका सावजनिक गरिने र शरणार्थीको फिर्ती तथा व्यवस्थापन गरिने छ ।
यसैबीच, युएनएचसीआरका अनुसार सन् २०२४ मा पाँच लाख ५० हजारभन्दा बढी सिरियालीहरू आफ्नो देश फर्केका छन् । फिर्ता भएका शरणार्थीमध्ये सबैभन्दा बढी हिस्सा उत्तरी अलेप्पो प्रान्तका रहेको बताइएको छ ।
धेरै सिरियाली शरणार्थीले स्वदेश फर्कन चासो देखाए पनि युएनएचसीआरले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनमा मिश्रित भावना रहेको उल्लेख गरिएको छ । उनीहरूमध्ये धेरैले सिरियाभित्र आफ्नो जीवन र घरहरू फर्कन र पुनर्निर्माण गर्न सक्षम हुन वित्तीय तथा बन्दोबस्तीका सामानको सहायताको आवश्यकतामा जोड दिएका छन् ।प्रत्युत्तरमा युएनएचसीआर र यसका साझेदार संस्थाहरूले शरणार्थीको स्वदेश फिर्तीका लागि अन्तरनिकाय योजना अघि सारेको प्रतिवेदनमा उल्लेख छ । निकायले शरणार्थी र उनीहरूलाई स्वागत गर्ने समुदाय दुवैका लागि दिगो कोष र सुरक्षा कार्यक्रमहरूको महत्वलाई पनि जोड दिएको छ । रासस

# क्षेत्रीय पर्यटन प्रवर्द्धनबारे नयाँदिल्लीमा छलफल

**काठमाडौं ।**
नेपाल–चीन–भारतको त्रिदेशीय पर्यटन प्रवद्र्धनको रणनीति बनाउन भारतको नयाँदिल्लीमा सरोकारवालाबीच छलफल भएको छ ।
आगामी फागुन १२ देखि १४ सम्म पोखरामा आयोजना हुने 'नेपाल–इन्डिया–चाइना' एक्स्पो (नाइस) कार्यक्रमका लागि भारतमा सहकार्य तथा साझेदारीलाई सुदृढ बनाउन भारतका व्यवसायीसँग छलफल गरिएको प्यासिफिक एशिया ट्राभल एशोसिएसन (पाटा) नेपाल च्याप्टरले आइतबार विज्ञप्तिमार्फत जनाएको छ ।
पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडाल र भारतका लागि नाइस सद्भावनादूत उपल मजुमदारले यही माघ २ गतेदेखि ४ सम्म नयाँदिल्लीमा भारतका प्रतिष्ठित पर्यटन संस्थाका प्रतिनिधिसँग नाइसलाई प्रभावकारी बनाउनेबारे छलफल गर्नुभएको थियो ।
छलफलमा प्रतिष्ठित पर्यटन व्यवसायी ग्रिश बिन्द्रा, ट्राभल एजेन्ट्स एशोसिएसन अफ इन्डिया उत्तरी क्षेत्रका अध्यक्ष नीरज मलहोत्रा, पाटा इन्डियाका कार्यकारी निर्देशक रुनिप साङ्घा र प्रबन्धक पुनम

PATA®
Pacific Asia Travel Association
NEPAL CHAPTER

राजपूत, ग्लोबल एशोसिएसन अफ इभेन्ट्स एण्ड हस्पिटालिटी प्रोफेसनल्सका अध्यक्ष राजेश आर्या र महासचिव प्रणव बन्सल, इन्डिया कन्भेन्सन प्रमोशन ब्यूरोका उपाध्यक्ष चन्दर मान्शारामानी र कार्यकारी निर्देशक अनुज वाधवा, आउटबाउन्ड टुर अपरेटरस एशोसिएसन अफ इन्डियाका उपाध्यक्ष शर्वन भल्ला, अगोडाकी वरिष्ठ रणनीतिक प्रबन्धक दिविता यादवलगायत इभेन्ट्स एन्ड इन्टरटेनमेन्ट म्यानेजमेन्ट एशोसिएसनकी कार्यकारी निर्देशक प्रिती खन्नासँग भेटघाट तथा सहकार्यका लागि छलफल गरिएको विज्ञप्तिमा उल्लेख छ ।
गत डिसेम्बरमा चीनको प्रवद्र्धनात्मक भ्रमणपश्चात् भारतमा गरिएको यस सहकार्यले नाइस कार्यक्रममा सहभागी हुने क्रेताहरु र बिक्रेताबीच सम्बन्ध बिस्तार तथा पर्यटन व्यापार आदानप्रदानको खोज, स्थापना र विस्तारका गर्न प्रस्तुत कार्यक्रम एक महत्वपूर्ण मञ्चका रूपमा काम गर्ने अपेक्षा गरिएको प्रमुख कार्यकारी अधिकृत बुडालले बताउनुभयो ।
भारतमा अवस्थित सबै सम्मानित व्यक्तित्वहरू एवं सङ्घसंस्थाले क्षेत्रीय पर्यटनको प्रवद्र्धन, वृद्धि र सीमापार सहकार्यलाई बढावा दिने नेपालको पहललाई समर्थन गर्ने प्रतिबद्धता जनाएका थिए । रासस

# विदेश छाडेर गाउँमै कृषि पेसामा जोडिँदै युवा

**भोजपुर।**
यहाँका युवाहरू विदेशबाट फर्केर आफ्नै ठाउँमा उद्यम, व्यवसायमा जोडिन थालेका छन् । राज्यको तर्फबाट विदेशबाट फर्केर उद्यम, व्यवसायमा लाग्ने युवाका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन भएसँगै यहाँका युवा कृषि पेसामा व्यवसायमा जोडिएको युवा बताउँछन् । विदेशबाट फर्केर टेम्केमैयुङ–५ को शिवकुमार विष्टले व्यावसायिक रूपमा बाख्रापालनसँगै विभिन्न कृषि उद्यम गर्दै आएका छन् । बाख्रापालनसँगै व्यावसायिक रूपमा स्याउखेती विस्तारमा जुटेको उनले बताए। ‘विभिन्न देशमा गरेर १० वर्ष आफ्नो फर्केका युवालाई लक्षित गरेर विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालनमा ल्याएपछि व्यावसायिक रूपमा आवद्ध हुन चाहनेका लागि सहज भएको विष्टले बताए।

जिल्लास्थित कृषि ज्ञान केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय तहलगायत निकायले ‘पुस्कर कृषि तथा पशुपालन फार्म’ सञ्चालन गरी बोयर र स्थानीय जात ५६ वटा बाख्रा पालन गरिरहेको उनले जानकारी दिए । ‘विदेशबाट फर्केर पाँच वर्षदेखि व्यावासायिक बाख्रापालनमा लागेको छु’, उनले भने, ‘अहिले फार्ममा ५६ वटा खसी, बाख्रा छन् । वार्षिक रु



आकर्षित भएका हुन् । यहाँका युवाहरूले पछिल्लो समय व्यावसायिक रूपमा कृषि पेसाबाट मनग्य आम्दानी गर्दै आएका छन् । विदेशको भोगाइपछि आफ्नो ठाउँमा उद्यमशील बन्ने सोचका साथ उर्वर समय बाहिर बिताएँ, अब स्वदेशमा केही गर्ने योजना छ । विदेशमा गर्ने मेहनत यहाँ गर्ने हो भने प्रशस्त आम्दानी हुन्छ’, उनले भने । स्थानीयर सरकार र सरोकार भएका निकायका तर्फबाट पनि विदेशबाट विदेशबाट फर्केका युवालाई लक्षित गरेर विभिन्न प्रोत्साहनमूलक, तालिम तथा सीप प्रदान गर्दै आएका छन् ।
पुस्कर विष्टले पनि विदेशबाट फर्केर व्यावसायिक रूपमा बाख्रापालन गर्दै आएका छन् । आठ÷दश लाखको कारोबार हुन्छ ।’ बाख्रामा विभिन्न समयमा देखिने रोगका कारण भने समस्या हुने गरेको पुस्करले बताउनुभयो । जाडो याममा बढी मात्रामा बाख्रामा निमोनियाको जोखिम देखिने



गरेको उल्लेख गर्दै गाउँमा पशु प्राविधिकको व्यवस्था हुनुपर्नेमा जोड दिए । स्थानीय सरकारले किसानको व्यावसायिक योजनाको आधारमा आवश्यक सहयोग गरेमा कृषिमा लाग्ने युवाको संख्या अझ बढ्ने उनको भनाइ थियो । बाख्रापालनको लागि अहिले दश रोपनी क्षेत्रमा घाँस विस्तार गरेको बताउँदै पुस्करले योसँगै व्यावसायिक रूपमा अलैँचीखेती विस्तारसमेत गरिरहको जानकारी दिए । विदेशबाट फर्केर गाउँमा व्यावसायिक बाख्रापालनसँगै किबी, एभोकाडो, ओखर र सुतवाखेती गरिरहनुभएका अर्का युवा एकराज विष्टले विदेश जानुभन्दा गाउँमा व्यवसाय गरेर उदाहरणीय बन्न सकिने बताए । ‘व्यावसायिक बनेर काम गर्न सकियो भने यहाँ प्रशस्त आम्दानी गर्न सकिन्छ’, उनले भने, ‘अहिले गाउँमा धेरै युवाहरू विदेशबाट फर्केर उद्यममा जोडिएका छन् । यही मेहनत गर्न हो भने वार्षिक चार–पाँच लाख रुपैयाँ कमाउन समस्या छैन।’ रासस

# किवीको बिरुवा बिक्री गरेर वार्षिक पाँच लाख आम्दानी



**डडेल्धुरा ।**
किवीको बिरुवा बिक्री गरेर आलिताल गाउँपालिका–२ का लक्ष्मण थापामगरले वार्षिक पाँच लाख रुपैयाँ कुस्मालीमा पनि स्थापना गरेका छन् । लामिटुडास्थित फार्ममा करिब १५ रोपनी जमिनमा व्यावसायिक रूपमा किवीखेती गर्दै किवीको बेर्नासमेत उत्पादन गरिरहेको गर्नुपर्ने थापाले बताए । बेर्ना बिक्री गरेरै वार्षिक पाँच लाख रुपैयाँ आम्दानी गरिरहेको थापाले आफूले किवीखेती शुरु गर्दा प्रतिबोट पाँच सयका दरले किनेर लगाएको बताए ।



आम्दानी गर्दै आएका छन् । उनले विगत तीन वर्षदेखि ध्रुव कृषि फार्म सञ्चालन गर्दै आएका छन् । थापामगरले अहिले डडेल्धुरामा उत्पादन गरिएका विभिन्न प्रजातिका किवीका बिरुवा सुदूरपश्चिमका विभिन्न जिल्लामा बिक्री गर्नहुन्छ । फार्मबाट रेडकिवी, हेवार्ड, ब्रुनो, मन्टी एलिसन, जेसबेरी र ग्रिन क्विन गरी छ प्रजातिका किवीको बिरुवाउत्पादन तथा बिक्री भइरहेको छ । उनले आलिताल –२ को लामिटुडामा रहेका फार्मको शाखा अमरगढी–२ बताए ।

फार्ममा हाल पाँच हजार बिरुवा उत्पादन गरी सुदूरपश्चिमका पहाडी जिल्लामा बिक्री गरिरहेको सञ्चालक थापाले जानकारी दिए । किसानहरूको मागअनुसार किवीका बोट उपलब्ध गराइरहेको र प्रतिबोट एक सय ५० रुपैयाँका दरले बिक्री गरिरहेको उनले जानकारी दिए । डेढ रोपनी क्षेत्रफलमा उनले किवीको बेर्ना उत्पादन गरिरहेको छ । किवीको बेर्ना जोगाउन एक–एक हप्तामा गोडमेल अहिले डडेल्धुरा जिल्लामा ४०–५० किसानले किवीखेती गर्दै आएका छन् । सुरुमा एकपटक लगानी गरेपछि ४०–५० वर्षसम्म उत्पादन दिइरहने र बजारको अभाव नहुने भएपछि किसान किवीखेतीतर्फ आकर्षित भएका कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र पनेरुले बताए । उनले भने, ‘किवीखेतीका लागि मौसमअनुसार पनि डडेल्धरा उपयुक्त मानिने हुदाँ त्यसतर्फ किसान बढी आकर्षित भएका छन् ।’ रासस

# सिरक डसना बनाएर दैनिक पन्ध्र सयसम्म आम्दानी





**मोरङ।**
जिल्लाको बेलबारी नगरपालिका लक्ष्मीमार्गमा भेटिएका मोहम्मद लतिफले तीनदेखि घुम्ती सेवाका रूपमा सिरक डसना बनाउँदै बस्तीबस्तीमा हिँडिरहेका छन् । वर्षौंदेखि जाडो याममा यसरी घरघरमा सिरक डसना बनाउने पेसा गर्दै आएका उनले सिजनमा दैनिक एक हजार छ सय रुपैयाँसम्म आम्दानी हुने गरेको बताए । भारतको फारबिसगञ्ज घर भएका लतिफले ५० वर्षदेखि नेपालका विभिन्न भेगमा गएर सिरक डसना बनाउने गरेको बताए । असी वर्षीय उनले भने, ‘नेपालमा काम गर्न सके मनग्य आम्दानी छ, यहाँको कमाइले भारतमा परिवार चलिरहेको छ ।’ सुरुआती समयमा एउटा सिरक बनाएको पाँच रुपैयाँ थियो । अहिले बढेर आठ सय रुपैयाँ पुगेको लतिफले जानकारी दिए । उनले भने, ‘दैनिक कम्तीमा दुईवटा सिरक बनाउन भ्याउँछु । घरेलु सामग्री (धुनिया) बाट रुवा फिटेर सिरक डसना बनाउने पर्ने भएकाले समय पनि बढी लाग्छ ।’

घरेलु सामग्री (धुनिया) बाट रुवा फिट्दै आएका मजदुर अचेल सुतीका कपडाको रुवा बनाउने उपकरण र ट्र्याक्टरसँगै लिएर हिंड्न थालेकाले पुराना कपडा खेर नजाने बेलबारी–११ की सीता खतिवडाले बताए । ‘आजभोलि पुराना सुतीका कपडा खेर जाँदैनन्, घरघरमा सिरक डसना बनाउने व्यक्ति आएर सबै पेलेर रुवा बनाइदिन्छन्’, उनले भने । तीनदेखि पाँच जनाको समूहमा उनीहरुले काम गर्छन् । ट्र्याक्टरमा सुतीका पुराना कपडा फिटेर रुवा बनाउने उपकरण लिएर हिंड्ने उनीहरुको समूहले दैनिक १० हजार रुपैयाँभन्दा बढी कमाइ गर्दै आइरहेका लतिफले जानकारी दिए । पछिल्लो समय तयारी अवस्थाका फाइबरका सिरक, डसनालगायत सामग्रीको प्रयोग बढिरहेकाले व्यापार सोचे जस्तो नभएको उनले बताए । रासस

# मधेश केन्द्रित राजनीतिक दलहरूसँग सहकार्य समिति गठन



**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले मधेश केन्द्रित राजनीतिक दलहरूसँग सहकार्य गर्न २ सदस्यीय समिति गठन गरेको छ । गत पुषमा लोसपाले संवाद, सहकार्य, कार्यगत एकता र पार्टी एकीकरणका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलको संयोजकत्वमा गठित ५ सदस्यीय समिति खारेज गर्दै लोसपाका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले २ सदस्यीय समिति गठन गरेका हुन् । ठाकुरले जारी गरेको प्रेस विज्ञप्तिमा वरिष्ठ सह अध्यक्ष सर्वेन्द्रनाथ शुक्ल र वरिष्ठ उपाध्यक्ष लक्ष्मणलाल कर्ण रहेको २ सदस्यीय समिति गठन भएको छ । यस अगाडि लोसपाका मधेश प्रदेश अध्यक्ष तथा मधेश प्रदेशका पूर्वमन्त्री समेत रहेका सोनलसहित वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, उपाध्यक्ष रामप्रकाश चौधरी, महासचिवद्वय सुरेन्द्र कुमार झा र मनिष कुमार मिश्र रहेको समिति गठन भएको थियो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संसथागत गर्दै थप राजनीतिक अधिकार प्राप्तिका लागि संघर्षशील राजनीतिक शक्तिहरुबीच संवाद, सहकार्य र कार्यगत एकता आजको आवश्यकता भएको भन्दै लोसपाले मधेश केन्द्रित राजनीतिक दलहरूसँग कार्यगत एकतादेखि विचार मिल्ने पार्टी एकीकरण सम्मको सम्भावनाको खोजी तथा परिणाममुखी बनाउनका लागि पार्टीले छलफल अगाडि बढाउन खोजेको जनाइएको छ ।

# बहुदरमाईका शिक्षकद्वारा सिडिओलाई साँचो हस्तान्तरण



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकाका शिक्षकहरुले पर्साका प्रमुख जिल्ला अधिकारीलाई विद्यालयको साँचो हस्तान्तरण गरेका छन् । चालु आर्थिक वर्षको श्रावणदेखि हालसम्म पारिश्रमिक तथा सेवा सुविधा नपाएको भन्दै बहुदरमाई नगरपालिका मातहतका सबै सामुदायिक विद्यालयका शिक्षक कर्मचारीले प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई विद्यालयको साँचो हस्तान्तरण गरेका हुन् । शिक्षक महासंघ पर्साका अध्यक्ष तिर्थराज यादवको नेतृत्वमा विभिन्न नाराबाजी गर्दै बहुदरमाईका २० वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी लगायतले अर्याललाई साँचो हस्तान्तरण गरेका हुन् । '२०८१ श्रावणदेखिको हाम्रो तलब खोई ?, शिक्षक एकता जिन्दावाद, हाम्रो माग पूरा गर' लगायतका नारा लेखिएको प्लेकार्ड सहभागी शिक्षकहरुले बोकेका थिए । सात महिनासम्मको तलब नपाएपछि र पटकपटक माग गर्दा पनि सुनुवाई नभएपछि बाध्य भएर साँचो बुझाउनु परेको शिक्षक महासंघ पर्साका अध्यक्ष तिर्थराज यादवले बताउनुभयो । विद्यालयमा पठनपाठनका लागि तलबका अलावा परीक्षा सञ्चालनदेखि अन्य कार्यका लागि आवश्यक पर्ने रकम पनि निकासा नभएको अध्यक्ष यादवको भनाई छ । यति मात्रै नभएर नेपाल सरकारले अनिवार्य गरेको दिवा खाजाबाट पनि बहुदरमाई नगरपालिकाका बालबालिका बञ्चित भएका छन् । दशै, तिहार, छठ, माघे संक्रान्ति लगायतका पर्वहरुमा पनि तलब नपाएपछि अहिले शिक्षक कर्मचारीहरु आर्थिक रुपमा कमजोर बनेर मनोबल पनि कमजोर बनेको अध्यक्ष यादवले बताउनुभयो । नगरपालिकामा चलीरहेको जुँगाको लडाईमा शिक्षामाथि हस्तक्षेप गर्ने र पालिकामा राजनीतिकरण गरेर शैक्षिक मात्रै नभएर पालिकाका हरेक कामलाई प्रभावित गर्ने कार्य कुनै पनि हालतमा उपयुक्त नभएको सो अवसरमा सहभागी शिक्षकहरुले प्रतिक्रिया दिए । यसअघि पनि बुधवार, बिहिवार, शुक्रवार सम्म हाफ टाइमसम्म पढाएर सांकेतिक रुपमा विरोध गरिएको थियो । सात महिनासम्म पनि सेवा सुविधा र तलब नपाएपछि धैर्यताको बाँध फुटेपछि विद्यालयको साँचो बुझाउने अवस्थाको सृजना भएको श्री भंगी साह माद्यामिक विद्यालयका प्रधानाध्यापक मनोज उपाध्यायले बताउनुभयो । विद्यालयका साँचो ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले यस्तो अवस्था आउनु अत्यन्तै दुखद पक्ष भएको बताउनुभयो । बहुदरमाई नगरपालिकामा पटकपटक पहल गर्दा पनि नतिजा नआउँदा अहिलेको अवस्था सृजना भएको उनको भनाई छ । तत्कालै तलब निकासाका लागि लिखित रुपमा मौखिक रुपमा पनि पटकपटक प्रयास गर्दा सफल हुन नसकेको अर्यालले बताउनुभयो ।

# जङ्गली हात्तीका कारण स्थानीय त्रसित

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको हरिपुर क्षेत्रका जङ्गली हात्ती बस्ती पसरे बालीनालीमा क्षति पु¥याउन थालेपछि स्थानीय त्रसित बनेका छन् । हरिपुर नगरपालिका–१ हजारबिघा क्षेत्रमा किसानले लगाएका बालीनाली जङ्गली हात्तीले क्षति गरेको हो । तीन वटाको संख्यामा देखिएको जङ्गली हात्तीले किसानको खेतमा पसेर अन्न र उखुबाली नष्ट गरेको वडाध्यक्ष नानीबाबु थापाले जानकारी दिए ।

वडाध्यक्ष थापाका अनुसार गएराति हात्तीले स्थानीय मुना लायो मगरको कच्ची घर पनि भत्काएको छ । दिनभर जङ्गलमा लुकेर बस्ने जङ्गली हात्ती रातको समयमा बस्ती नजिकैको खेतबारी र गाउँमा प्रवेश गरेर उपद्रो गर्ने गरेको उनको भनाइ छ । विपन्न एकल महिला मगरको हात्तीले घर भत्काएपछि उनी थप त्रसित बनेको स्थानीयले निर्मला कार्कीले बताए । हात्तीले घरभित्र रहेको अन्नपात खाएको भन्दै रातको समयमा हात्ती आएको देखेपछि मगरले छिमेकको घरतर्फ भागेर ज्यान जोगाएको उनले बताए । सोही हात्तीको बथानले स्थानीय निर्मला कार्की, अष्टम खड्का, गोपाल बस्नेतसहितको करिब १ बिघा जमिनमा लगाइएको मकै, गहुँ र उखु बाली पनि क्षति गरेको सब–डिभिजन वन कार्यालयका प्रमुख रोहित चौधरीले जानकारी दिए । सब डिभिजन वन कार्यालयले हरिपुर नगरपालिका–१, जानकीनगरका वन क्षेत्रमा गए रातिदेखि जङ्गली हात्ती देखा परेको भन्दै सावधानी अपनाउन आग्रह गरेको छ । यस वन क्षेत्रमा बर्सेनि जङ्गली हात्ती आएर स्थानीयको बाली तथा घरमा क्षति गर्ने गरेका छन् । गत वर्ष पनि जङ्गली हात्तीले घुर्कौली जङ्गलमा घाँस काट्न गएका एक युवकमाथि आक्रमण गर्दा यसवकको निधन भएको थियो । अहिले वन क्षेत्रमा देखिएका जङ्गली हात्ती केही समयअघि रौतहटको विभिन्न वन क्षेत्रमा देखिने गरेका हात्तीको बथान हुनसक्ने डिभिजन वन कार्यालयले अनुमान गरेको छ । हात्तीलाई आफ्नो गन्तव्य बासस्थानतर्फ फर्काउन पहल भइरहेको वन कार्यालयका प्रमुख चौधरीले जानकारी दिए ।

# बिपी उद्यानमा रहेका व्यापारीको स्थानान्तरणका लागि दुई विकल्प

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरले बिपी उद्यान अतिक्रमण गरी बसेका तरकारी, फलफूल तथा कपडा व्यापारीलाई स्थानान्तरणका लागि दुई वटा विकल्प दिएको छ । महानगरले दोस्रो पटक सार्वजनिक सूचना जारी गरेर उद्यान परिसरमा रहेका अस्थायी घर–टहरा, तरकारी तथा फलफूलको बजार हटाउनका लागि विकल्प प्रस्ताव गरेको हो ।

वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले बिपी उद्यान संरक्षण गर्दै व्यापारीलाई व्यवस्थित गर्न लागिएको बताए । 'उद्यान परिसरमा व्यापार तथा व्यवसाय गर्दै आएका फलफूल तथा तरकारी व्यापारीलाई वडा नं १६ नगवास्थित कृषि बजारमा राख्ने व्यवस्था मिलाएका छौँ', उनले भने, 'दोस्रो विकल्पमा वडा नं २ छपकैयाँमा ३२ कठ्ठा क्षेत्रफलमा सेड तयार पार्ने काम भइरहेको छ ।' कर्णले सेडमा अत्यावश्यक पूर्वाधार निर्माण पूरा भएपछि बिपी उद्यान खाली गर्ने अभियानले सार्थकता पाउने बताए । 'अहिले सेड निर्माणसँगै खाल्डाखुल्डी पुर्ने र विद्युत् जडानलगायतका काम भइरहेको छ, सेडको अत्यावश्यक संरचना तयार हुनेबित्तिकै बिपी उद्यान खाली गराउँछौँ', उनले भने । महानगरले गत पुस २० गते बिपी उद्यानमा रहेका अस्थायी घरटहरा बनाएर बसेका डोमबस्तीको संरचना भत्काएको थियो । यद्यपि अहिले पनि तरकारी, फलफूल तथा कपडा व्यापार भने त्यहीँ व्यापार गरिरहेका छन् । प्रमुख प्रशासकीय अधिकृत कर्णले बिपी उद्यानका अतिक्रमण गरी निर्माण गरिएका सबै पसल हटाउने प्रतिबद्धता व्यक्त गरे । महानगरले यसअघि गत मङ्सिर २६ गते १५ दिने सार्वजनिक सूचना जारी गरी बिपी उद्यानमा राखिएका तरकारी तथा फलफूल बजार हटाउनका लागि निर्देशन दिएको थियो । उक्त म्याद गत पुस १० गते सकिएको थियो । तर, सो अवधिमा तरकारी तथा फलफूल व्यापारीले बिपी उद्यानको ठाउँ खाली गर्न अटेरी गरेपछि महानगरले दोस्रो पटक गत पुस १२ गते सात दिने म्याद राखेर सार्वजनिक सूचना जारी गरेको थियो । दोस्रो पटक सार्वजनिक सूचना जारी गर्दा पनि खाली नगरेपछि महानगरले गत पुस २० गते डोजर लगाएर बिपी उद्यान परिसरमा अस्थायी घरटहरा बनाएर बसेका डोम समुदायको टहरा भत्काएको थियो । बिपी उद्यान व्यवस्थित गरी पर्यटकीय गन्तव्य बनाउने महानगरको तयारी छ ।

# प्याब्सन प्रि–एसइई परीक्षा शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
निजी तथा आवसीय विद्यालय अर्गनाईजेशन प्याब्सनद्वारा सन्चालित प्याब्सन प्रि–एसइई परीक्षा २०८१ देशभर शुरु भएको छ । प्याब्सन केन्द्रले सन्चालन गरेको सो परीक्षा अन्र्तगत आइतबार पहिलो दिन अनिवार्य अंग्रेजी विषय परीक्षा सन्चालन भईरहेको छ । प्याब्सन पर्साले पनि पर्सा जिल्लामा सोही अनुसार परीक्षा सन्चालन गरेको प्याब्सन पर्साका अध्यक्ष सरोज प्रसाद चौधरीले जानकारी दिए । अध्यक्ष चौधरीकाअनुसार आइतबारबाट शुरु भएको प्याब्सन प्रि–एसइई परीक्षा २०८१ मा पर्साका ३७ विद्यालयका १२ सय ७४ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् ।

एसइईको तयारी स्वरुप प्याब्सन प्रि एसइई परीक्षा सन्चालन गरिएको प्याब्सन पर्साका सचिव अशोक सङ्ग्रौलाले जानकारी दिए । पर्सामा पाँच परीक्षा केन्द्र तोकेर परीक्षा सन्चालन भइरहेको छ । साउथ जोन मावि, सिद्धार्थ नेशनल स्कूल, गोल्डेन फ्युचर मावि, मुनलाईट मावि र वीरगंज पब्लिक इंग्लिस स्कुलमा तोकिएका परीक्षा केन्द्र मार्फत परीक्षा सन्चालन भईरहेको छ ।

# एनआई कपमा वीरगंज पब्लिकको शानदार जीत




**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल इन्फोटेक(एनआई) कप क्रिकेट प्रतियोगितामा वीरगंज पब्लिक कलेजले शानदार जीत हासिल गरेको छ । वीरगंज पब्लिकले नेशनल एकेडेमीलाई ८ विकेटले पराजित गर्दै नतिजा आफ्नो पक्षमा पारेको हो ।

वीरगंजस्थित नारायणी क्रिकेट स्टेडियममा भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको नेशनल एकेडेमीले निर्धारित ओभरमा ४ विकेट क्षतिमा ५८ रन मात्र बनाउन सक्यो । जवाफी ब्याटिङ गरेको वीरगंज पब्लिक कलेजले ८ ओभर २ बलमा मात्र २ विकेट गुमाएर लक्ष्य भेटायो । खेलमा वीरगंज पब्लिक कलेजका इरफान अन्सारीले शानदार प्रदर्शन गर्दै 'प्लेयर अफ दि म्याच'को उपाधि प्राप्त गरे ।

# योजना तर्जुमा गोष्ठी सम्पन्न

**मधेशदृष्टि**
**रौतहट ।**
डिभिजन वन कार्यालय रौतहटले सामुदायिक वनहरूको दीर्घकालीन व्यवस्थापन र आगामी कार्ययोजना निर्माणका लागि योजना तर्जुमा गोष्ठी सम्पन्न गरेको छ । सामुदायिक वनका प्रतिनिधिहरू, व्यवस्थापक, र सरोकारवालाहरूको उपस्थितिमा गोष्ठीमा वन संरक्षण, वन स्रोतको दिगो उपयोग, र वातावरणीय सन्तुलन कायम गर्न आवश्यक योजनाहरूमा विस्तृत छलफल गर्दै सम्पन्न भएको हो । कार्यक्रममा सहभागीहरूले सामुदायिक वनहरूको संरक्षणमा देखिएका चुनौतीहरू समाधान गर्न, हरित क्षेत्र विस्तार गर्न र वन उपभोक्ताको भूमिकालाई सशक्त बनाउन विभिन्न सुझाव दिए ।

गोष्ठीमा सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष वेदहरि दाहालले डिभिजन वन कार्यालयले ढिलासुस्ती गर्ने गरेको गुनासो गरे । गोष्ठीमा उठेका गुनासाहरूको जवाफ दिँदै डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहले आफ्नो कार्यकालमा त्यस्तो ढिलासुस्ती नभएको र आफ्नो कक्षमा यस्ता गुनासाकहिल्यैनआएकोदाबीगरे ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरी परवाहा, धनुषा, मधेश प्रदेश, नेपाल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन